# दोश्रो वार्षिक प्रतिवेदन

प्रतिवेदन अवधि

आर्थिक वर्ष– २०७७/७८

(२०७७ साउन १ – २०७८ असार मसान्त)




## प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल

# दोश्रो वार्षिक प्रतिवेदन

## प्रतिवेदन अवधि

## आर्थिक वर्ष– २०७७/७८

## (२०७७ साउन १ – २०७८ असार मसान्त)

# प्रदेश लोक सेवा आयोग

## प्रदेश नं. १, विराटनगर, नेपाल

## प्रदेश लोक सेवा आयोग
प्रदेश नं. १, नेपाल

सम्पर्क

**प्रदेश लोक सेवा आयोग**

**ठेगाना**

विराटनगर-३, मोरङ, नेपाल

**टेलिफोन**

००-९७७-०२१४६१४९१(माननीय अध्यक्षज्यू)

००-९७७-०२१४६१४९५(माननीय सदस्यज्यूहरू)

००-९७७-०२१४६१४९२(कार्यालय)

**इमेल**

province1psc@gmail.com

**वेबसाईट**

http:// psc.p1.gov.np

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ बमोजिम माननीय प्रदेश प्रमुखज्यू समक्ष प्रस्तुत गरिएको **दोश्रो वार्षिक प्रतिवेदन**

यस प्रतिवेदनमा प्रदेश लोक सेवा आयोगका २०७७ साउन १ देखि २०७८ असार मसान्त सम्मका गतिविधिहरू समावेश गरिएका छन्।

# प्रदेश लोक सेवा आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल

मितिः २०७८/०५/२८

विषयः **आयोगको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय
प्रदेश नं. १, विराटनगर,नेपाल

नेपालको संविधानको धारा २४४ अन्तर्गत स्थापना भएको प्रदेश लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को परिच्छेद ७, दफा ४९ बमोजिम आर्थिक वर्ष २०७७/७८ (मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्म) मा सम्पादन गरेका काम-कारवाहीहरूको वार्षिक प्रतिवेदन प्रस्तुत गरिएको छ।

भवदीय,

............................
उत्तम कुमार भट्टराई
अध्यक्ष

............................
टीकादत्त राई
सदस्य

............................
सजना दाहाल
सदस्य

............................
यज्ञराज कोइराला
सचिव

# प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू



मा. उत्तम कुमार भट्टराई
अध्यक्ष



मा. टीकादत्त राई
सदस्य



मा. सजना दाहाल
सदस्य



श्री यज्ञराज कोइराला
सचिव

# धन्यवाद ज्ञापन...✍

प्रदेश तथा स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, सुधारमुखी बनाउन स्वच्छता, निश्पक्षता तथा योग्यता प्रणालीका आधारमा योग्य एवम् दक्ष जनशक्ती छनौट गर्ने उद्देश्यले स्थापित यस प्रदेश लोक सेवा आयोगले आफ्नो दोस्रो वर्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा आयोग हर्षित छ।

सुशासनको जगलाई अझ दरिलो बनाउँदै सेवा प्रवाहमा उपयुक्त योग्य र दक्ष जनशक्तिको खोज गर्दै प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्था, प्रदेशका अन्य सरकारी सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेद्वारको पूर्ति गर्नु प्रदेश लोक सेवा आयोगको कर्तव्य पनि हो। यसै कर्तव्य पालनको सिलसिलामा आयोगले विविध कार्यहरू गर्नुपर्ने हुन्छ। आयोग एकलैले मात्रै सबै पक्ष समेट्न सक्दैन, सबैको साथ र सहयोग चाहिन्छ।

यसै क्रममा आयोगको कार्यसम्पादनका लागि आवश्यक साधन स्रोत तथा सहयोग उपलब्ध गराइदिनु हुने प्रदेश सरकारका पूर्व मुख्यमन्त्री माननीय शेरधन राईज्यू र तत्कालिन प्रमुख सचिव श्री सुमनराज अर्यालज्यू प्रति आयोग हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

त्यसैगरी पूर्णकालिन सचिव हाजिर नभएसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदाधिकार रही यस आयोगको कार्यमा समेत सहयोग पुर्‍याउनु भएका तत्कालिन सचिव श्री सरोज प्रसाद गुरागाई प्रति पनि आयोग धन्यवाद प्रकट गर्दछ।

आयोगले प्रकाशित गरेको पहिलो विज्ञापनमा भौतिक रुपमा दरखास्त सङ्कलन गर्न सहयोग पुर्‍याउने घरेलु तथा साना उद्योग कार्यालय ईलाम, धनकुटा, खोटाङ र ओखलढुङ्गाका कर्मचारीप्रति आयोग कृतज्ञता ज्ञापन गर्दछ।

अन्त्यमा यस लोक सेवा आयोगका विविध पक्षका कार्यमा सहयोग पुर्‍याउँदै परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने पाठ्यक्रम तथा प्रश्नपत्र तयारी कार्यमा सहयोग पुर्‍याउनु हुने विभिन्न विधाका दक्ष एवम् विज्ञहरू एवम् प्रत्यक्ष/अप्रत्यक्ष रुपले सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरू प्रति आयोग हार्दिक कृतज्ञता व्यक्त गर्दछ।

यो दोस्रो वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा सम्लग्न आयोगका सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई आयोग धन्यवाद ज्ञापन गर्दछ।।

२०७८ भदौ २८ गते

# ऐतिहासिक घटनाक्रम

२०७२/०६/०३
नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था

२०७६/०५/१७
प्रदेश लोक सेवा आयोग ऐन, २०७६ जारी भएको

२०७६/१०/०९
प्रदेश लोक सेवा आयोगका माननीय अध्यक्ष तथा सदस्यज्यूहरूको नियुक्ति तथा शपथ ग्रहण र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रदेश लोक सेवा आयोगको स्थापना

२०७६/११/०१
**प्रदेश लोक सेवा आयोगको भाडामा लिइएको आफ्नै घरबाट सेवा आरम्भ**

२०७७/३/२९
प्रदेश लोक सेवा आयोगको नियमावली २०७७ जारी

२०७७/१२/३०
प्रदेश लोक सेवा आयोगले विज्ञापन प्रकाशन गरी पदपूर्तिको प्रक्रियाको सुरुवात गरेको

२०७८/०४/२९
प्रदेश लोक सेवा आयोगले लिखित परीक्षा सञ्चालन सुरुवात गरेको

# कार्यकारी सारांश

## १. विज्ञापन

स्थानीय सरकारी सेवा तर्फको इन्जिनियरिङ सेवा, सिभिल समूह, सहायकस्तर चौथो र पाँचौं तहका पदहरूको रिक्त पदपूर्तिका लागि विभिन्न स्थानीय तहहरूबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्राप्त भएको माग अनुरूप १३२ पदको विज्ञापनका लागि प्रतिशत निर्धारण गरिएको छ । प्रतिवेदन अवधिमा १ वटा आन्तरिक प्रतियोगितात्मक विज्ञापन, २ वटा खुला प्रतियोगितात्मक विज्ञापन र ४ वटा समावेशी समूहका विज्ञापन गरी जम्मा ७ वटा विज्ञापन प्रकाशन गरिएको थियो । जसमा आन्तरिक प्रतियोगितातर्फ १६, खुलातर्फ ७३, महिलातर्फ ३५, आदिवासी जनजाति तर्फ ६ र मधेसी तर्फ १ पदका लागि दरखास्त माग गरिएको थियो ।(**परिच्छेद-५**)

## २. दरखास्तः

प्रतिवेदन अवधिमा प्रकाशित विज्ञापनका लागि कुल १०,१२० जना उम्मेदवार ले विभिन्न प्रदेश तथा जिल्लाहरूबाट दरखास्त दिएका छन् ।जसमा ९,०७६ पुरुष र १,०४४ महिला आवेदक रहेका छन्। प्रकाशित विज्ञापन मध्ये आन्तरिक प्रतियोगितात्मक विज्ञापनमा कुनै पनि दरखास्त परेनन् ।

प्रदेश लोक सेवा आयोग स्थापना काल देखिनै कोभिड महामारीको प्रकोपबाट प्रभावित हुन पुग्यो। तथापी स्थापना कालका विभिन्न तयारी पूरा गरी यस आ.व. २०७७/७८ मा विज्ञापन प्रकाशन गरी दरखास्त सङ्कलन गर्ने काम सुरुवात गरियो। इन्जिनियरिङ सेवा, सिभिल समूह, सहायकस्तर चौथो (असिस्टेन्ट सव-इन्जिनियर) र पाँचौं (सव-इन्जिनियर) तहका लागि भएको विज्ञापनमा परेका दरखास्तको सारसंक्षेप विवरण देहाय बमोजिम रहेको छ। (**परिच्छेद-५**)




विज्ञापन




दरखास्त




प्रतिपद औसत

## ३. लिखित परीक्षा :

इन्जिनियरिङ सेवा, सिभिल समूहमा पर्ने स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) का पदको लागि

तोकिएको लिखित परीक्षा कार्यक्रम विश्वव्यापी कोभिड-१९ को महामारीका कारण स्थगीत गरिएकोले यस प्रतिवेदन अवधिमा कुनै पनि लिखित परीक्षा सञ्चालन हुन सकेन ।**(परीच्छेद-२)**

४. **पाठ्यक्रम निर्माणः**

आर्थिक वर्ष २०७७/०७८ मा विभिन्न सेवा, समूह तथा उपसमूहमा पर्ने प्रदेश निजामती सेवातर्फ कुल २९ वटा तथा स्थानीय सरकारी सेवातर्फ ३० वटा गरी जम्मा ५९ वटा पदको पाठ्यक्रम निर्माणको कार्य सम्पन्न भएको छ ।**(परिच्छेद-४)**

५. **प्रशासनिक, वित्तीय तथा भौतिक प्रगतिः**

यस प्रतिवेदन अवधिमा आयोगले ४४ वटा वैठक बसी ९१ वटा विभिन्न निर्णयहरू गरेको छ । आयोगले गरेका निर्णयहरूमध्ये धैरै पाठ्यक्रम निर्माणसँग सम्बन्धित छन् ।

कुल विनियोजित बजेट रु. ५ करोड ५९ लाख २२ हजार मध्ये प्रदेश सरकारको अनुरोधमा रु ६७ लाख ४६ हजार बजेट समर्पण गरिएको थियो। यसरी समर्पण गरी बाँकी रहेको खुद विनियोजित रकम रु ३ करोड १४ लाख ८६ हजारमा ६५.०२% वित्तीय प्रगति भएको छ।

आयोगमा कुल अस्थायी स्वीकृत दरवन्दी २३ मध्ये १८ पद पूर्ति भई ५ वटा पद रिक्त रहेका छन् । यद्यपि आयोगले आफ्नो कार्य सम्पादनका लागि विराटनगर कार्यालयका लागि ५२ र ३ वटा शाखा कार्यालयका लगि ९ समेत जम्मा ६१ दरबन्दी स्वीकृतिका लागि प्रदेश सरकार समक्ष अनुरोध गरिएको छ। **(परिच्छेद-३)**

६. **परामर्शः**

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० मा भएको व्यवस्था बमोजिम प्रदेश निजामती सेवाको पद, प्रदेश सङ्गठित संस्थाको सेवाको पद, स्थानीय सरकारी सेवाको पदमा स्थायी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्नेछ भन्ने व्यवस्था बमोजिम आर्थिक वर्ष २०७७/७८ मा कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा विभिन्न निकायहरूलाई ३ वटा परामर्श उपलब्ध गराइएको छ।**(परिच्छेद-६)**

७. **कार्यसम्पादनका आधारः**

नेपालको संविधानको धारा २४४ मा भएको व्यवस्था तथा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ र विभिन्न समयमा निर्माण भएका कानूनहरूले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारका आधारमा आयोगले कार्यसम्पादन गर्दै आइरहेको छ ।सङ्गठनात्मक संरचना एवम् विभिन्न कार्यविधिहरू तय गर्दै आयोग योग्यता, स्वच्छता, निस्पक्षता, समान अवसर, गोपनियता र समावेशिता लगायतका सिद्धान्तहरू आत्मसात गर्दै गुणस्तरियता र विश्वसनीयता कायम गर्न तत्पर रहेको छ ।**(परिच्छेद-२)**

## ८. संस्थागत सुधारः

आयोगले परीक्षार्थीहरूको सहजतालाई ध्यानमा राखी अनलाइन प्रणाली मार्फत दरखास्त सङ्कलनको कार्य गर्न Province 1 Public Service Recruitment Management System (P1PSRMS) सञ्चालनमा ल्याएको छ। यसबाट आयोगका सबै विज्ञापनहरू प्रकाशन गर्ने, दरखास्त सङ्कलन गर्ने, दरखास्त स्वीकृत गर्ने, रोल नं. कायम गर्ने, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरू आयोगको अनलाइन प्रणाली मार्फत सम्पादन गरिनेछ ।**(परिच्छेद-७)**

## ९. क्षमता अभिवृद्धिः

यस प्रतिवेदन अवधिमा आयोगलाई तोकिएका नियमित कार्यका अतिरिक्त देहाय बमोजिमका विविध क्रियाकलापमा आयोगका पदाधिकारी तथा कर्मचारीको संलग्नता रहेको थियोः

(क) लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनः लोक सेवा आयोग (सङ्घीय) को आयोजनामा प्रदेश लोक सेवा आयोग, प्रदेश नं. १, प्रदेश नं. २, बागमती प्रदेश, कर्णाली प्रदेश र सङ्घीय लोक सेवा आयोगका पदाधिकारीहरू तथा उच्चस्तरीय कर्मचारी सम्मिलित दुई दिने प्रथम राष्ट्रिय सम्मेलनमा आयोगका पदाधिकारी र सचिवबाट सहभागिता भएको थियो। यस सम्मेलनबाट सङ्घीय लोक सेवा आयोगका स्थापित कार्य सञ्चालन प्रक्रियाका बारे जानकारी प्राप्त हुनका साथै सबै आयोगहरूका साझा समस्याहरू समाधानका उपायहरूबारे आपसी सहयोग गर्ने बारे विभिन्न ७ वटा निर्णयहरू गरिएको थियो ।साथै सम्मेलनले लोक सेवा आयोगहरूको संयुक्त घोषणापत्र समेत जारी गरेको छ। **(परिच्छेद-३)**

(ख) बागमती प्रदेश लोक सेवा आयोगको कार्य सन्चालनका सम्बन्धमा जानकारी लिन आयोगका पदाधिकारी र कर्मचारीहरूले स्थलगत अवलोकन भ्रमण गरी स्थापनाकालमा गर्नुपर्ने कार्य प्रक्रिया विशेषत दरखास्त सङ्कलन र परीक्षा सञ्चालनका बारे जानकारी हासिल गरियो। **(परिच्छेद-३)**

## १०. ध्यानाकर्षण र सुझावः

यस प्रतिवेदन अवधिमा प्रदेश सरकारका मन्त्रालयहरू तथा स्थानीय तहहरूबाट आयोगले उपलब्ध गराएका केही राय सुझावको कार्यान्वयन, अस्थायी कर्मचारीको म्याद थप सम्बन्धमा, रिक्त पदपूर्तिको लागि माग गर्ने प्रक्रिया, स्वास्थ्य सेवा तर्फको कर्मचारी पदपूर्ति लगायतका अन्य विषयहरूमा सम्बन्धित निकायहरूलाई ध्यानाकर्षण गराई प्रदेश तथा स्थानीय तहमा सुशासन कायम गर्न आवश्यक देखिएका सुझावहरू दिइएको छ। **(परिच्छेद-९)**

# विषय-सूची


| क्र.सं. | बिषय | पेज नं. |
|---|---|---|
| (क) | धन्यवाद ज्ञापन | i |
| (ख) | ऐतिहासिक घटनाक्रम | ii |
| (ग) | कार्यकारी सारांश | iii |
| | **परिच्छेद १** | |
| | **आयोगको परिचय** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | आयोगको गठन | २ |
| १.३ | काम, कर्तव्य र अधिकार | २ |
| १.४ | प्रतिवेदन | ३ |
| | **परिच्छेद २** | |
| | **कार्यसम्पादनका आधारहरू** | |
| २.१. | संस्थागत प्रबन्ध | ४ |
| २.२. | सङ्गठनात्मक संरचना र कार्यक्षेत्र | ५ |
| २.३. | कार्यसम्पादनका सिद्धान्तहरू | ५ |
| २.४. | कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह | ७ |
| २.५. | कार्यविभाजन र अधिकार प्रत्यायोजन | ११ |
| | **परिच्छेद ३** | |
| | **प्रशासनिक, वित्तीय स्थिति तथा भौतिक प्रगति** | |
| ३.१. | बैठक तथा निर्णय | १३ |
| ३.२. | आयोगको दरबन्दी र पदपूर्ति | १३ |
| ३.३. | पुस्तकालय सञ्चालन | १४ |
| ३.४. | बजेट, निकासा र खर्च | १४ |
| ३.५. | राजश्व र धरौटी | १५ |
| ३.६. | बेरुजु | १६ |
| ३.७. | भौतिक पूर्वाधार निर्माण | १६ |
| ३.८. | गोष्ठी सम्मेलन तथा क्षमता विकास | १६ |

## परिच्छेद ४
## परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

४.१ परीक्षण प्रविधि ........ १८
४.२ शैक्षिक योग्यता र पाठ्यक्रम ........ १८

## परिच्छेद ५
## विज्ञापन र दरखास्त

५.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरबन्दी र पदपूर्तिको अवस्था ........ २४
५.२ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ........ २४
५.३ प्रतिशत निर्धारण ........ २४
५.४ विज्ञापन ........ २५
५.५ दरखास्त ........ २६
५.६ अस्वीकृत भएका दरखास्त ........ २७
५.७ कुनै पनि दरखास्त नपरेका विज्ञापन ........ २८
५.८ प्रतिपद औसत दरखास्त ........ २८
५.९ लिङ्गको आधारमा दरखास्त वर्गिकरण ........ २८
५.१० उमेर समूहको आधारमा दरखास्त वर्गिकरण ........ २९

## परिच्छेद ६
## परामर्श

६.१ कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श ........ ३०

## परिच्छेद ७
## संस्थागत सुधार तथा प्रविधिको प्रयोग

७.१ संस्थागत सुधार ........ ३२
७.२ प्रविधिको प्रयोग ........ ३२

## परिच्छेद ८
## निर्णय तथा कार्यान्वयनको अवस्था

८.१ आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्था ........ ३४

## परिच्छेद ९
## ध्यानाकर्षण र सूझाव


| | | |
|---|---|---|
| ९.१ | ध्यानाकर्षण भएका विषयहरू ........ | ३९ |
| ९.२ | सुझावहरू ........ | ४३ |


## चित्रहरू


| क.सं. | बिषय | पेज नं. |
|---|---|---|
| चित्र १ | पदपूर्ति सम्बन्धी कार्य प्रवाह ........ | ९ |
| चित्र २ | आ.व. २०७७/७८ मा विज्ञापित पदसंख्या........ | २५ |
| चित्र ३ | विज्ञापित पदहरूको वर्गिकरण ........ | २५ |
| चित्र ४ | कुल दरखास्तमा महिला र पुरुषको तुलानात्मक विवरण ........ | २८ |


## अनुसूचीहरू


| क.सं. | बिषय | पेज नं. |
|---|---|---|
| अनुसूची १ | प्रदेश लोक सेवा आयोगको सम्बन्धमा हालसम्म भएका व्यवस्थाहरू ........ | ४५ |
| अनुसूची २ | प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७ ........ | ५० |
| अनुसूची ३ | प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचार संहिता, २०७७ ........ | ५३ |
| अनुसूची ४ | आयोगको प्रस्तावित सङ्गठन संरचना ........ | ६२ |
| अनुसूची ५ | अस्थायी सङ्गठन संरचना र अस्थायी दरबन्दी तेरिज ........ | ६३ |
| अनुसूची ६ | आ.व. २०७८/७९ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका ........ | ६५ |
| अनुसूची ७ | स्थानीय सरकारी सेवा अन्तर्गतको आ.व. २०७७/०७८ मा प्रकाशित विज्ञापन | ६६ |
| अनुसूची ८ | आ.व. २०७७/०७८ को समग्र वार्षिक आर्थिक विवरण ........ | ७६ |
| अनुसूची ९ | लोक सेवा आयोगहरूको प्रथम राष्ट्रिय सम्मेलनका निर्णयहरू ........ | ८२ |
| अनुसूची १० | लोक सेवा आयोगहरूको प्रथम राष्ट्रिय सम्मेलनको घोषणपत्र ........ | ८४ |
| अनुसूची ११ | विभिन्न क्रियाकलाप झल्कने फोटाहरू ........ | ८५ |

# तालिकाहरू


| क्र.सं. | बिषय | पेज नं. |
|---|---|---|
| तालिका १ | पदाधिकारीहरूको कार्यविभाजन ................................................................ | १२ |
| तालिका २ | आयोगको निर्णयहरूको विषयगत वर्गीकरण ............................................... | १३ |
| तालिका ३ | आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण ........................................ | १४ |
| तालिका ४ | आयोगको कुल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण ............................ | १५ |
| तालिका ५ | राजश्वको विवरण ............................................................................... | १५ |
| तालिका ६ | धरौटीको विवरण ............................................................................... | १६ |
| तालिका ७ | प्रदेश निजामती सेवा तर्फका पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण ........ | १९ |
| तालिका ८ | स्थानीय सरकारी सेवा तर्फका पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण ..... | २१ |
| तालिका ९ | सङ्कलित दरखास्तको विवरण ................................................................ | २६ |
| तालिका १० | सङ्कलित दरखास्तको समावेशीताको विवरण ............................................... | २६ |
| तालिका ११ | दरखास्त सङ्कलनको कार्यालयगत विवरण ................................................... | २७ |
| तालिका १२ | स्वीकृत तथा अस्वीकृत दरखास्तको विवरण ............................................... | २७ |
| तालिका १३ | प्रतिपद औसत दरखास्त ........................................................................ | २८ |
| तालिका १४ | उमेर समूह अनुसार दरखास्तको विवरण .................................................... | २९ |
| तालिका १५ | कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श ............................................... | ३० |
| तालिका १६ | आयोगका निर्णय तथा कार्यान्वयनको अवस्था ............................................. | ३४ |

## परिच्छेद १

# आयोगको परिचय

### १.१. पृष्ठभूमिः

प्रदेश लोक सेवा आयोगको स्थापना वि.स. २०७६ माघ ०९ गते विधिवत रूपमा भएको थियो ।स्थापनाको सुरुवाती चरणबाटै यस आयोग प्रदेश लोक सेवा आयोग ऐन र संविधानले प्रदत्त अधिकार क्षेत्रका क्रियाकलाप सम्पादनमा पूर्ण समर्पित रही परिपक्वता र उत्कृष्टता हासिल गर्दै प्रणालीमा आधारित संस्थाको रूपमा स्थापित हुँदै गइरहेको छ।

लोक सेवा आयोगको इतिहास हेर्दा नेपालमा २००४ सालमा जारी भएको "नेपाल सरकारको वैधानिक कानून" मा सरकारी सेवामा योग्य, सक्षम र प्रतिष्पर्धी व्यक्तिहरूको भर्ना सुनिश्चित गर्ने उद्देश्यले दरखास्त परिषद्को प्रावधान राखिएको थियो तर, उक्त कानून लागू हुन नसकेको कारण परिषद्को स्थापना हुन सकेन।

नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६४ मा पब्लिक सर्भिस कमिशनको व्यवस्था गरिएको थियो।जस अनुसार वि.स. २००८ साल असार १ मा पब्लिक सर्भिस कमिसनका नामले लोक सेवा आयोगको औपचारिक स्थापना भइ कार्य सम्पादन सुरु भएको देखिन्छ। वि.सं. २०१५ सालमा जारी भएको नेपाल अधिराज्यको संविधानको धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरी धारा ६० मा "सरकारको सबै सेवा वा पदमा भर्नाको निमित्त जाँच गर्ने" जिम्मेवारी तोकि लोक सेवा आयोगकै नामले कार्य सञ्चालन भएको पाइन्छ। सो व्यवस्था बमोजिम नेपालमा निजामती सेवाका पदमा भर्ना गर्ने तरिका, नियुक्ति, सरुवा र बढुवा गर्दा उम्मेदवारहरूको विषयमा अपनाउनु पर्ने सिद्धान्तका सम्बन्धमा तथा निजामती सेवामा पालना गर्नुपर्ने अनुशासन लगायतका विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको थियो।

नेपालमा लोक सेवा आयोगको स्थापना भएको ६८ वर्ष पछि वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधान अनुसार मुलुकमा सङ्घीयता लागू भएसँगै संविधानको धारा २४४ बमोजिम प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोगको स्थापना गर्ने संवैधानिक व्यवस्था गरिए बमोजिम प्रदेश नं. १ मा पनि प्रदेश लोक सेवा आयोग गठन भएको छ। यस आयोगका प्रमुख काममा प्रदेश निजमाती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, प्रदेश प्रहरी, प्रदेश शिक्षा सेवा र स्थानीय सरकारी सेवामा उपयुक्त कर्मचारीको छनौट गर्न परीक्षा सञ्चालन गरी सिफारिस गर्नु, कानूनले तोके बमोजिमका विषयहरूमा परामर्श उपलब्ध गराउनु आदि रहेको छ।

## १.२. आयोगको गठनः

नेपालको संविधानको धारा २४४ बमोजिम प्रदेश नं १ को प्रदेश संसदबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (१) मा प्रदेश लोक सेवा आयोगमा अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने प्रावधान छ। प्रदेश प्रमुखले मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामुख र प्रदेश सभाका विपक्षी दलको नेता रहेको समितिको सिफारिसमा प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने प्रावधान रहेको छ। यसरी नियुक्ति गर्दा आयोगका सदस्यहरूमध्ये कम्तिमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेको व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, व्यवस्थापन, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुने व्यवस्था छ।

## १.३. काम, कर्तव्य र अधिकार

१.३.१. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

१.३.२. प्रदेश लोक सेवा आयोगले विभिन्न सेवाको लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तर पुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चालन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि तथा मापदण्डका आधारमा कार्य गर्नेछ।

१.३.३. प्रदेश प्रहरी सेवा, शिक्षक सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा प्रदेश लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

१.३.४. प्रदेश प्रहरी सेवा, प्रदेश शिक्षक सेवा र प्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

१.३.५. कुनै सङ्गठित संस्थाका सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

१.३.६. प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा प्रदेश लोक सेवा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

१.३.७. प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

## १.४. प्रतिवेदनः

प्रदेश लोक सेवा आयोग ऐनको दफा ४९ को उपदफा (१) बमोजिम आयोगले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र माननीय प्रदेश प्रमुख समक्ष पेश गर्नपर्ने व्यवस्था रहेको छ। सोही व्यवस्था बमोजिम आयोगले आफ्नो दोश्रो प्रतिवेदन पेश गर्दैछ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा भएका केही जटिलता, समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई रिक्त हुन आएका पदहरूको पदपूर्ति सम्बन्धमा प्रदेश सरकारमा भएको अस्पष्टता लगायतका कारणले मिति २०७७/१२/०९ मा मात्र स्थानीय तहमा रिक्त दरबन्दी पदपूर्ति गर्न मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट माग फाराम प्राप्त भएको। सोही माग बमोजिमका पदहरूमध्ये केही पदहरूको लागि मिति २०७७/१२/३० मा प्रथम पटक आयोगले विज्ञापन प्रकाशन गरेको। यसरी प्रकाशित विज्ञापनमा स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तर्फका सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) पदको विज्ञापन आह्वान गरी २०७८ ज्येष्ठ महिनाको लागि परीक्षा कार्यक्रम तोकेको भएता पनि विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारीका कारण निर्धारीत समयमा परीक्षा सञ्चालन गर्न नसकि परिक्षा तालिका संसोधन गर्नुपरेको थियो ।

यसरी विश्वव्यापी कोभिड-१९ महामारीका कारण विभिन्न कठिनाइसँग सामना गर्दै आ.व. ०७७/७८ मा सम्पादन भएका कृयाकलापलाई प्रदेश लोक सेवा आयोगबाट तयार भएको यो दोश्रो वार्षिक प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ।

## परिच्छेद २

# आयोगको कार्यसम्पादनका आधारहरू

## २.१. संस्थागत प्रबन्धः

प्रदेश लोक सेवा आयोगका सम्बन्धमा हालसम्म भएका मुख्य व्यवस्थाहरू अनुसूची-१ मा दिइएको छ। उक्त व्यवस्थाको सार संक्षेप तथा अन्य व्यवस्थाहरू देहाय बमोजिम उल्लेख गरिएको छः

### २.१.१. संविधानः

नेपालको संविधानको भाग २३, धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने व्यवस्था रहेको छ। सोही धाराको उपधारा (२) बमोजिम प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ।साथै उपधारा (३) मा उपधारा (२) को प्रयोजनको लागि सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ भन्ने व्यवस्था रहेको छ।

### २.१.२. कानूनहरूः

संविधानको धारा २४४ (२) ले आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने व्यवस्था गरेको छ। सो अनुसार प्रदेश १ को प्रदेश सभाबाट पारित भई मिति २०७६ भाद्र १७ गतेबाट जारी भएको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई आफ्नो कार्यसम्पादनको कानुनी आधारका रूपमा लिँदै आफ्ना कामकारबाहीहरू सुचारु गरिरहेको छ।आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हाल प्रयोग गर्दै आएका मुख्य मुख्य कानून एवम् कार्यविधिहरूको सूची देहाय अनुसार छः

- प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५
- प्रदेश लोक सेवा आयोग ऐन, २०७६, तथा नियमावली, २०७७
- प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७
- प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७(अनुसूची २)
- प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि, २०७७
- प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचार संहिता, २०७७ (अनुसूची ३)
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
- कर्मचारी समायोजन ऐन, २०७५
- प्रदेश प्रहरी ऐन, २०७७

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरू
- लोक सेवा आयोगले अपनाएको सिद्धान्त, कार्यविधि र मापदण्ड
- सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त निर्देशनहरू
- प्रदेश लोक सेवा आयोगबाट प्रतिपादित विभिन्न सिद्धान्तहरू
- प्रदेश लोक सेवा आयोगबाट भएका समय-समयका निर्णयहरू
- प्रदेश लोक सेवा आयोगको कार्यसम्पादनसँग सम्बन्धित ऐन, नियम र निर्देशिकाहरू।

उपरोक्त कानुनी आधार भएता पनि देहाय बमोजिमका कानूनहरू निर्माण भई नसकेको स्थितिले आयोगको कार्यसम्पादनमा उल्लेख्य असर परिरहेको छः

(क) सङ्घीय निजामती सेवा ऐन,

(ख) प्रदेश निजामती सेवा ऐन,

(ग) स्थानीय तहका कर्मचारीको सेवा शर्त सम्बन्धी ऐन,

## २.२. सङ्गठनात्मक संरचना र कार्यक्षेत्रः

सङ्घीय निजामती सेवाको प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत (सह-सचिव) प्रदेश सचिवको रुपमा कार्यालय प्रमुख रहने आयोगको कार्यालयले आफ्नो विभिन्न महाशाखा र शाखा मार्फत कार्य सञ्चालन हुने व्यवस्था गरिएको छ।आयोगको कार्यक्षेत्र मुख्यतया प्रदेश सरकारका मन्त्रालयहरू तथा निकायहरू एवम् १३७ वटा स्थानीय तहको पदपूर्ति सम्बन्धी कार्य गर्नुपर्ने रहेको छ। प्रदेशको भौगोलिक विकटता र यातायात सुविधालाई मध्यनजर गरी ३ वटा शाखा कार्यालयहरू स्थापना गर्ने प्रस्ताव रहे पनि हालसम्म आयोगका सम्पूर्ण कार्यहरू आयोगको विराटनगर कार्यालयबाट भइरहेको छ। आयोगबाट प्रस्तावित सङ्गठन संरचना अनुसूची ४ मा दिइएको छ, जसअनुसार ६१ संख्याको जनशक्ति प्रस्तावित छ। आयोगको हालको स्वीकृत अस्थायी सङ्गठन संरचना अनुसार कर्मचारीको दरबन्दी संख्या २३ रहेको छ। स्वीकृत अस्थायी सङ्गठन संरचना र अस्थायी दरबन्दी तेरिज अनुसूची-५ मा उल्लेख गरिएको छ ।

## २.३. कार्यसम्पादनका सिद्धान्तहरूः

प्रदेश लोक सेवा आयोगले आफ्नो निर्णय, कामकारबाही र आचरणमा योग्यता, निश्पक्षता र स्वच्छता मूलभूत मूल्यहरू प्रतिविम्बित गर्दै विद्यमान कानूनको परिधिभित्र रही कार्य सम्पादन गर्ने गर्दछ।लोक सेवा आयोगले अवलम्बन गरेका र प्रदेश लोक सेवा आयोगले समेत आत्मसात गरेका सिद्धान्तहरू निम्न बमोजिम रहेका छन्।

२.३.१. **योग्यताको सिद्धान्त (Principle of Merit):** आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिको लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रम बमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ।

२.३.२. **निष्पक्षताको सिद्धान्त (Principle of Impartiality):** आयोगका निर्णयहरू पूर्वाग्रह रहित हुन्छन्। आयोगका निर्णय र परीक्षा सम्बन्धी कामकारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिदैंन।

२.३.३. **स्वच्छताको सिद्धान्त (Principle of Fairness):** आयोगका सम्पूर्ण काम कारबाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र मातहतका कार्यालयहरूबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचना एवम् कार्यविधिगत प्रबन्ध गरिन्छ।

२.३.४. **समान अवसरको सिद्धान्त (Principle of Equal Opportunity):** आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ।

२.३.५. **समावेशीताको सिद्धान्त (Principle of Inclusiveness):** पदपूर्तिका लागि आयोगमा प्राप्त माग अनुसारका पदहरू राज्यको समावेशीकरण नीति बमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बीचमात्र प्रतिष्पर्धा हुने गरी पदपूर्ति गरिन्छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३७ बमोजिम अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चित गर्ने प्रावधान रहेको छ।

२.३.६. **द्विअन्ध सिद्धान्त (Principle of Double Blind):** पदपूर्ति प्रक्रियाको कुनै एक गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराइदैन र जानकारी समेत दिइँदैन। उत्तर पुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपूस्तिका परीक्षण गरेको हो, थाहा नपाउने विधि अवलम्बन गरिन्छ । प्राप्ताङ्क तालिकीकरण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तर पुस्तिका परीक्षण गरेको हो, पत्तै पाउँदैनन्। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कसको

हो भन्ने बारेमा पूर्णतः अनभिज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्कका बारेमा पूर्णतः अनभिज्ञ हुन्छन। त्यस्तै आयोगका हरेक महाशाखाहरूलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादन अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन।

२.३.७. **परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking):** उत्तर पुस्तिका परीक्षण गर्नुअघि दोहोरो सङ्केतिकरण (Double Coding) प्रक्रिया मार्फत उक्त उत्तर पुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ। यसबाट उत्तर पुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तर पुस्तिका परीक्षण पश्चात वैयक्तिक पहिचान विहीन रूपमा प्राप्ताङ्कको तलिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनौट प्रक्रियाका सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात् मात्र छनौट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसंकेतिकरण (Decoding) प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

२.३.८. **असंलग्नताको सिद्धान्त (Principle of Non- Involvement):** आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगको पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशनसम्मको सम्पूर्ण प्रक्रियाबाट अलग राखिन्छ।

२.३.९. **गोपनियताको सिद्धान्त (Principle of Confidentiality):** परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगको गोपनियता कायम रहन्छ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नहरूको परिमार्जन र छनौटको कार्य पूर्ण गोप्य रहन्छ। परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेलासम्म गोप्य रहन्छ। आयोगको अनलाइन डाटावेशमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ। यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनियताका साथै गुणस्तरीयता सुनिश्चित गरिन्छ।

## २.४. कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाहः

प्रदेश लोग सेवा आयोग ऐन, २०७६ मा भएको व्यवस्था अनुसार प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश अन्य सरकारी सेवाको पदमा उपयुक्त उम्मेदवार सिफारिस गर्न तथा प्रदेश प्रहरी र सङ्गठित संस्थाका विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनौट गर्नको लागि लिखित परीक्षा सञ्चालन गर्न आयोगले अवलम्बन गर्ने कार्यप्रक्रिया देहाय बमोजिम उल्लेख गरिएको छ। उक्त कार्यप्रक्रियालाई कार्यप्रवाहको रूपमा चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

### २.४.१. वार्षिक कार्यतालिकाः

प्रदेश लोक सेवा आयोगले हरेक आर्थिक वर्षको सुरुमा वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ। प्रतिवेदन अवधि, आर्थिक वर्ष २०७७/७८ का लागि पदपूर्ति गर्न आवश्यक पर्ने पाठ्यक्रम, कार्य सञ्चालन गर्न आवश्यक पर्ने निर्देशिका, आचार संहिता लगायतका कागजातहरू २०७७ असार मसान्तसम्म तयार भई नसकेको अवस्था भएकोले आ.व. को सुरुमा वार्षिक कार्यतालिका प्रकाशन गर्न सकिएन। सोही कारणले प्रदेश सरकार तथा स्थानीय तहहरूमा पदपूर्तिका लागि माग फाराम भरि पठाउन मिति २०७६/०६/०२ मा पत्राचार गरिएको थियो ।प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका पदहरूमा आगमी आर्थिक वर्ष २०७८/७९ मा गरिने पदपूर्तिका लागि वार्षिक कार्यतालिका यस प्रतिवेदन अवधिमा तयार गरिएको छ जसलाई अनुसूची-६ मा उल्लेख गरिएको छ ।

### २.४.२. विज्ञापन प्रकाशनः

विद्यमान कानुनी व्यवस्था बमोजिम प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवाको हकमा कार्यतालिकामा निर्धारित समयमा सम्बन्धित मन्त्रालय, विभाग र कार्यालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उप-समूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत आयोगमा पठाउनु पर्दछ।सो मागका आधारमा प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता, खुला तथा समावेशी समूहहरूमा पदसंख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरी आयोगले विज्ञापन/सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्दछ। यस्तो सूचना/विज्ञापन राष्ट्रियस्तरको दैनिक पत्रिका तथा आयोगको वेबसाइटमा समेत प्रकाशन गरिन्छ।

प्रदेश प्रहरी सेवा र सङ्गठित संस्थाको हकमा कार्यतालिकामा निर्धारित समयमा पदपूर्तिको विज्ञापन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्नुपर्दछ।आयोगको सहमति प्राप्त भैसकेपछि सम्बन्धित संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्दछ।

यस प्रतिवेदन अवधिमा पहिलो विज्ञापनका रूपमा स्थानीय सरकारी सेवा अन्तर्गत प्राविधिक तर्फका सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) पदको विज्ञापन आह्वान भएको छ । जसलाई अनुसूची-७ मा समावेश गरिएको छ।

चित्र १

पदपूर्ति सम्बन्धी कार्यप्रवाह



### २.४.३. दरखास्त सङ्कलनः

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र अन्य सरकारी सेवा तर्फका खुला तथा आन्तरिक प्रतियोगिताका विज्ञापनमा दरखास्त फारम भरी वा अनलाइन मार्फत दरखास्त सङ्कलन गरिन्छ भने बढुवा तर्फका दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको कार्यालयमा नै बुझाउनु पर्दछ। प्रदेश प्रहरी सेवा तथा सङ्गठित संस्थाका विज्ञापनका हकमा भने सम्बन्धित संस्थाले नै आयोगको परामर्शमा विज्ञापन प्रकाशन गरी दरखास्त सङ्कलन गर्दछन्।

यस प्रतिवेदन अवधिमा भएका इन्जिनियरिङ सेवा, सिभिल समूहमा पर्ने स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) का पदको विज्ञापनहरूको दरखास्त सङ्कलन कार्य सहज र सुलभ बनाउन आयोगको मिति २०७७/१२/११ को निर्णयानुसार उक्त पदहरूको दरखास्त सङ्कलन प्रदेश लोक सेवा आयोगको कार्यालय विराटनगर, घरेलु तथा साना उद्योग कार्यालय इलाम, घरेलु तथा साना उद्योग कार्यालय धनकुटा, घरेलु तथा साना उद्योग कार्यालय खोटाङ्ग र घरेलु तथा साना उद्योग कार्यालय ओखलढुङ्गाबाट गरिने व्यवस्था मिलाइएको थियो । सो सम्बन्धी विस्तृत विवरण परिच्छेद ५ मा उल्लेख गरिएको छ ।

### २.४.४. लिखित परीक्षाः

विज्ञापन प्रकाशन भएपछि विज्ञापित पदहरूको परीक्षा सञ्चालनको लागि दक्ष वा विज्ञ वा विशेषज्ञहरूको सेवा लिई  प्रश्नपत्र तयार गरीन्छ। प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, अन्य सरकारी सेवा, प्रदेश प्रहरी तथा सङ्गठित संस्थाका विज्ञापित पदका लागि तोकिएको मितिमा आयोगले लिखित परीक्षा सञ्चालन गर्दछ।

इन्जिनियरिङ सेवा, सिभिल समूहमा पर्ने स्थानीय सरकारी सेवा अन्तर्गतका प्राविधिक तर्फ सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) का पदको लागि तोकिएको मिति २०७८/०२/२१ र २२ का लिखित परीक्षा कार्यक्रम विश्वव्यापी कोभिड-१९ को महामारीका कारण स्थगीत गरिएकोले यस प्रतिवेदन अवधिमा कुनै पनि लिखित परीक्षा सञ्चालन हुन सकेन ।

### २.४.५. उत्तर पुस्तिका सङ्केतीकरण र परीक्षणः

लिखित परीक्षा सञ्चालन भएपछि सम्बन्धित उम्मेदवारहरूको उत्तर पुस्तिकामा अलग-अलग जनशक्तिले दुई अलग चरणमा प्रथम र द्वितिय सङ्केत नम्बर (Code) राखी

सङ्केतिकरण (coding) गरिन्छ र उम्मेदवारको व्यक्तिगत विवरण उत्तर पुस्तिकाबाट अलग गरी शिलबन्दी रूपमा अलग-अलग स्थानमा राखिन्छ। कोडिङ्गको कार्य सम्पन्न भएपछि उत्तर पुस्तिका परिक्षण गरिन्छ ।

यस प्रतिवेदन अवधिमा लिखित परीक्षा नै सञ्चालन नभएको हुँदा उत्तर पुस्तिका सङ्केतिकरण एवम् परीक्षणको कार्य नभएको।

### २.४.६. लिखित परीक्षा नतिजा, अन्तर्वार्ता र सिफारिसः

विशेषज्ञ विज्ञहरूबाट उत्तर पुस्तिका परीक्षण गराई उम्मेदवारले प्राप्त गरेको प्राप्ताङ्क तथा माग पदसंख्याको तुलनामा आयोगको कार्यसञ्चालन निर्देशिका, २०७७ मा उल्लेखित व्यवस्थाका आधारमा माग पदभन्दा निश्चित थप संख्यामा सम्बन्धित विज्ञापनमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको मात्र नाम डिकोड गरीन्छ। यसरी डिकोडिङ्ग गरे पश्चात लिखित परीक्षाको नतिजा नामको वर्णानुक्रमका आधारमा प्रकाशन गरी अन्तर्वार्ता तथा अन्य परीक्षा कार्यक्रम सञ्चालन गर्न आयोगकै सम्बन्धित शाखामा पठाइन्छ।

तह अनुसार प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको हकमा लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता एवम् सम्बन्धित पदको पाठ्यक्रम योजना बमोजिम प्रयोगात्मक परीक्षा, In Basket Exercise, मामिला अध्ययन एवम् प्रस्तुतीकरण समेतको परीक्षा सञ्चालन गरिन्छ। यसरी अन्तर्वार्ता लगायत उक्त सबै परीक्षामा प्राप्त अङ्क र लिखित परीक्षाको प्राप्ताङ्कको कुल योगका आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई स्थायी नियुक्तिको लागि सिफारिस गरिन्छ।प्रदेश प्रहरी तथा सङ्गठित संस्थाहरूले अन्तर्वार्ता तथा सिफारिसको कार्य आफैं गर्दछन जसका पदपूर्ति समितिमा आयोगको यथोचित प्रतिनिधित्व हुन्छ।

प्रतिवेदन अवधिमा लिखित परीक्षाको नतिजा, अन्तर्वार्ता सञ्चालन र सिफारिस गर्नुपर्ने अवस्था श्रृजना भएन ।

## २.५. कार्यविभाजन र अधिकार प्रत्यायोजनः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १४ अनुसार आयोगका अध्यक्ष र सदस्यको कार्यविभाजन आयोगले निर्धारण गरे बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। ऐनको दफा ५८ बमोजिम प्रदेश लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार अध्यक्ष, कुनै सदस्य वा आयोगको कर्मचारीलाई प्रत्यायोजन गर्नुपर्ने अवस्था भएमा त्यस्तो अधिकारको प्रयोग र पालना गर्नुपर्ने शर्त निर्धारण गरी अधिकार प्रत्यायोजन गर्नुपर्नेछ।

प्रदेश लोक सेवा आयोगको कार्यलाई सरल, छिटोछरितो र व्यवस्थित बनाउन आयोगका पदाधिकारीहरूको कार्य विभाजन देहायको तालिका नं १ अनुसार गरिएको छ।

**तालिका १**

**पदाधिकारीहरूको कार्यविभाजन**

| क्र.स. | पदाधिकारीको नाम | जिम्मेवारी |
|---|---|---|
| १ | मा. अध्यक्ष उत्तम कुमार भट्टराई | क. प्रशासन तथा व्यवस्थापन |
| | | ख. नीति नियम तथा परामर्श |
| | | ग. लिखित परीक्षा तयारी तथा नतिजा प्रकाशन |
| | | घ. अन्तर्वार्ता तथा सिफारिस |
| २ | मा. सदस्य टीकादत्त राई | क. पाठ्यक्रम निर्माण, परिमार्जन तथा मूल्याङ्कन |
| | | ख. प्रश्नपत्र परिमार्जन |
| | | ग. उजुरी तथा विभागिय सजायमा परामर्श |
| ३ | मा. सदस्य सजना दाहाल | क. सूचना प्रकाशन |
| | | ख. योजना तथा समन्वय |
| | | ग. परीक्षण प्रविधि र अनुगमन |

# परिच्छेद ३

# प्रशासनिक, वित्तीय स्थिति तथा भौतिक प्रगति

## ३.१ बैठक तथा निर्णयः

आर्थिक वर्ष २०७७/७८ को अवधिमा कुल ४४ पटक आयोगको बैठकहरू बसी ९१ वटा निर्णयहरू लिइएका छन्। आयोगको निर्णय संख्या तथा तिनको विषयगत वर्गीकरण तालिका नं २ मा प्रस्तुत गरिएको छ।

**तालिका २**

**आयोगको निर्णयहरूको विषयगत वर्गीकरण ( आ.व. २०७७/७८)**

| क.स. | निर्णयका विषयहरू | निर्णय संख्या |
|---|---|---|
| १ | कर्मचारी सेवा शर्त सम्बन्धी परामर्श | ०३ |
| २ | कानून, नीति-नियम सम्बन्धी | ०२ |
| ३ | पाठ्यक्रम निर्माण सम्बन्धी | ४५ |
| ४ | विविध परामर्श | ०८ |
| ५ | विविध निर्णयहरू | ३३ |
| जम्मा | | ९१ |

आयोग स्थापनाको प्रारम्भिक वर्ष भएकोले प्रतिवेदन अवधिमा आयोगले गरेका निर्णयहरूमध्ये धेरै जसो पाठ्यक्रम निर्माणसँग सम्बन्धित छन्। यस अवधिमा आयोगका क्रियाकलापहरूलाई व्यवस्थित बनाउन आवश्यक कानून, नियमावली, निर्देशिका निर्माणजस्ता विषयहरू दोश्रो प्राथमिकतामा रहेका थिए। त्यस्तै, तेश्रो प्राथमिकतामा कर्मचारी सेवा शर्त सम्बन्धी एवम् अन्य विविध परामर्शहरू उपलब्ध गराउने निर्णयहरू थिए। विषयगत निर्णयहरू कार्यान्वयनको अवस्था तथा परामर्श उपलब्ध गराएका विषयहरूको कार्यान्वयन स्थिति लगायतको विवरण परिच्छेद ६ र ८ मा उल्लेख गरिएको छ।

## ३.२ आयोगको दरबन्दी र पदपूर्तिः

प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी अनुसार प्रदेश लोक सेवा आयोगमा कुल २३ जना कर्मचारीहरूको अस्थायी दरबन्दी रहेको छ।जसमा रा.प. प्रथम श्रेणीका १, अधिकृतस्तर नवौं/दशौं तहका १, अधिकृतस्तर सातौं/आठौं तहका ४, अधिकृतस्तर छैटौं तहका ६, सहायक प्रशासन चौथो/पाँचौ ३ एवम् श्रेणी विहिन ८ जनाको दरबन्दी रहेको छ। कुल दरबन्दी मध्ये २०७८ असार मसान्तसम्मको तथ्याङ्क अनुसार १८ पदहरू पूर्ति भएका छन् भने ५ पदहरू रिक्त रहेका छन्।

आयोगको स्वीकृत अस्थायी दरबन्दी संरचना अनुसार तहगत दरबन्दी संख्या, पदपूर्ति र रिक्त अवस्था देहायको तालिका नं. ३ मा उल्लेख गरिएको छ।

**तालिका ३**

**आयोगमा रहेको दरबन्दी तथा पदपूर्तिको विवरण**

| क.स. | दरबन्दी विवरण | | | आ.व. २०७६/७७ को स्वीकृत दरबन्दी | | | |
|---|---|---|---|---|---|---|---|
| | पद, नाम | सेवा | श्रेणी/तह | संख्या | रिक्त | पूर्ति | किसिम |
| १ | सचिव | प्रशासन | रा.प. प्रथम | १ | ० | १ | काज |
| २ | अधिकृत | प्रशासन | नवौं/दशौं | १ | ० | १ | काज |
| ३ | शाखा अधिकृत | प्रशासन | सातौं/आठौं | ३ | १ | २ | सरुवा |
| ४ | कानून अधिकृत | न्याय | सातौं/आठौं | १ | १ | ० | |
| ५ | अधिकृत छैटौं | प्रशासन | छैटौं | ४ | ० | ४ | सरुवा |
| ६ | अधिकृत छैटौं | लेखा | छैटौं | १ | ० | १ | सरुवा |
| ७ | अधिकृत छैटौं | कम्प्यूटर | छैटौं | १ | ० | १ | सरुवा |
| ८ | सहायक | प्रशासन | चौथो/पाँचौं | ३ | २ | १ | |
| ९ | ह.स.चा. | - | तहविहिन | ४ | १ | ३ | करार |
| १० | कार्यालय सहयोगी | - | तहविहिन | ४ | ० | ४ | करार |
| जम्मा | | | | २३ | ५ | १८ | |

आयोगको कार्यबोझ, कार्य प्रकृती तथा संवेदनशिलतालाई मध्यनजर गर्दा आयोगको हाल स्वीकृत सङ्गठन संरचना र दरबन्दीबाट आयोगले गर्नुपर्ने कार्य सम्पन्न गर्न असम्भव प्राय महशुस भएको छ। अतः आयोगबाट मिति २०७६/११/२० को निर्णयानुसार, अनुसूची-४ बमोजिमको, जम्मा ६१ संख्या रहने दरबन्दी सहितको प्रस्तावित सङ्गठन संरचना स्वीकृत हुनु नितान्त जरुरी देखिन्छ।

## ३.३ पुस्तकालय सञ्चालनः

प्रदेश लोक सेवा आयोगको पुस्तकालय दक्ष/विज्ञहरू एवम् परीक्षार्थीहरूका लागि सन्दर्भ सामग्री समेत हुने गरी स्थापना एवम् सञ्चालन गर्ने उद्देश्यका साथ सुरु गरी हालसम्म विभिन्न स्वदेशी/विदेशी लेखकहरूद्वारा लेखिएका २४७ थान पुस्तकहरू सङ्ग्रहित रहेका छन् ।

## ३.४ बजेट, निकासा र खर्चः

आ.व. २०७७/७८ को लागि विभिन्न शीर्षकहरूमा विनियोजित बजेट र सो सम्बन्धी खर्चको संक्षिप्त विवरण तालिका ४ मा प्रस्तुत गरिएको छ। बजेट निकासा र खर्च सम्बन्धी विस्तृत विवरण अनुसूची-८ मा उल्लेख गरिएको छ ।

**तालिका ४**

**आयोगको कुल बजेट विनियोजन र खर्चको संक्षिप्त विवरण**

| क्र.सं. | विवरण | स्वीकृत रकम (रु हजारमा) | समर्पण गरिएको (रु हजारमा) | समपर्णपछि वास्तविक स्वीकृत रकम (रु हजारमा) | खर्च भएको रकम (रु हजारमा) |
|---|---|---|---|---|---|
| क | चालु खर्च | ३८८९९ | ५४८५ | ३३४१४ | १७७०८ |
| ख | पुंजीगत खर्च | १२९२३ | २१६२ | १०७६१ | १०६२९ |
| ग | पदाधिकारी तर्फ चालु खर्च | ४१०० | - | ४१०० | ३०४९ |
| जम्मा | | ५५९२२ | ७६४७ | ४८२७५ | ३१३८६ |
| प्रतिशत (%) | | १०० | १३.६७ | | ६५.०२ |

## ३.५ राजश्व र धरौटीः

आ.व. ०७७/७८ मा आयोगको कार्यालयबाट जम्मा रु ४५,३८,६१० (अक्षरेपी पैतालिस लाख अठ्तीस हजार छ सय दश मात्र) राजश्व सङ्कलन भएको छ । राजश्व र धरौटीको विवरण क्रमशः तल दिइएका तालिका ५ र ६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५**

**राजश्वको विवरण**

| क्र.सं. | राजश्व शीर्षक | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | परीक्षा शुल्क (१४२२४) | ४४३२.८३ | |
| २ | अन्य प्रशासनिक सेवा शुल्क (१४२२९) | ६७.२९ | |
| ३ | प्रशासनिक दण्ड जरिवाना र जफत (१४३१२) | ३७.४४ | |
| ४ | बेरुजु | १.०५ | उम्मेदवारहरूले भुलवश यो राजश्व शीर्षकमा जम्मा गरेको रकम |
| | जम्मा | ४५३८.६१ | |

तालिका ६

धरौटीको विवरण

| क्र.सं. | राजश्व शीर्षक | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | आम्दानी | ४२४.७९४ | |
| २ | फिर्ता | १४७.५४० | |
| ३ | बाँकी | २७७.२५४ | |

### ३.६ बेरुजुः

आ.व. २०७७/०७८ मा यस आयोगको कार्यालयमा कुनै पनि बेरुजु रकम छैन ।

### ३.७ भौतिक पूर्वाधार निर्माणः

करिव ४,९०० वर्ग फिट क्षेत्रफल ओगटेको कार्यालय भवनमा आयोगका पदाधिकारीहरूका कार्यकक्ष, विभिन्न शाखा/महाशाखा, बैठक कक्ष लगायत कार्यकक्षहरू सञ्चालन गरिएको छ। केही परिमाणमा फर्निचरहरू, कार्यालय सामानहरू, फर्निसिङ आदि बन्दोबस्त गरिएको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आवतजावतको लागि ४ थान चारपाङ्ग्रे सवारी साधन, ३ थान दुईपाङ्ग्रे सवारी साधन र ३ थान साइकलको व्यवस्थापन गरिएको छ। आयोगले आफ्नो वेबसाइट psc. p1.gov.np तथा इ-मेल province1psc@gmail.com समेत सञ्चालनमा ल्याएको छ। आयोगले परीक्षार्थीहरूको सहजतालाई ध्यानमा राखी अनलाइन प्रणाली मार्फत दरखास्त सङ्कलनको कार्य गर्न Province 1 Public Service Recruitment Management System(P1PSRMS) अर्को आ.व. बाट सञ्चालन हुने गरी कार्य अगाडि बढाएको छ ।भाडाको घरमा सञ्चालनमा रहेको प्रदेश लोक सेवा आयोगले आफ्नो कार्यलाई सवल एवम् गोपनियता कायम गर्ने हेतुले कार्यकक्षहरूलाई पार्टेसन गरी अलग अलग च्याम्बरको निर्माण गर्ने कार्य यस प्रतिवेदन अवधिमा भएको छ ।

### ३.८ गोष्ठी सम्मेलन तथा क्षमता विकासः

क. मिति २०७७ फागुन २३ र २४ गते "सङ्घीय सुशासनका लागि योग्यता प्रणाली" भन्ने मूल नाराका साथ धुलिखेल काभ्रेपलाञ्चोकमा लोक सेवा आयोगहरूको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भयो । उक्त सम्मेलनमा अनुसुची-१० बमोजिमको घोषणापत्र जारी गरी संस्थाको पवित्रता जोगाउँदै नागरिकहरूको विश्वासको धरोहरको रूपमा लोक सेवा आयोगहरूलाई स्थापित गराउने सङ्कल्प गर्दछौं भन्ने प्रतिवद्धता लोक सेवा आयोगका अध्यक्ष उमेश प्रसाद मैनाली प्रदेश लोक सेवा आयोग प्रदेश नं १ का अध्यक्ष उत्तम कुमार भट्टराई, प्रदेश लोक सेवा आयोग प्रदेश नं २ का अध्यक्ष सुरेन्द्र प्रसाद यादव, प्रदेश लोक सेवा आयोग

बागमती प्रदेशका अध्यक्ष सुरेशमान श्रेष्ठ, प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशका अध्यक्ष प्राध्यापक डिलाराम भट्टराई तथा प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेशका अध्यक्ष राम प्रसाद उपाध्यायले प्रतिवद्धता व्यक्त गर्नुभयो ।

त्यस्तै प्रदेश लोक सेवा आयोगहरूको कार्य प्रणालीलाई थप व्यवस्थित बनाउन एवम् सङ्घीय लोक सेवा आयोगको ७० वर्षको अनुभवबाट स्थापित विधि, पद्धतिहरूको अनुशरण गर्न आपसी सहयोग गर्ने विषयहरू समेटी ७ बुँदे निर्णयहरू गरिएको थियो। सम्मेलनको निर्णयहरू र घोषणापत्र यस प्रतिवेदनको अनुसूची ९ र १० मा उल्लेख गरिएको छ।

ख. यस अवधिमा प्रदेश लोक सेवा आयोगले गर्ने कार्य सम्पादन सम्बन्धी अनुभव आदान प्रदन गर्न विशेषतः परीक्षा सञ्चालन सम्बन्धी स्थलगत अवलोकन गर्न आयोगका पदाधिकारी र कर्मचारी सम्मिलित टोलिले बागमती प्रदेश लोक सेवा आयोग हेटौडाको मिति २०७७/१०/२७ देखि २०७७/१०/२९ सम्म भ्रमण गरी अनुभव हासिल गरिएको थियो।

## परिच्छेद ४

# परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम

### १.१ परीक्षण प्रविधिः

प्रदेश लोक सेवा आयोगले सिफारिस गर्ने सार्वजनिक सेवाको पदमा उम्मेदवार बन्न सम्बन्धित व्यक्तिले हासिल गरेको शैक्षिक योग्यताको स्तर र क्षेत्रलाई आधारभूत शर्तको रूपमा लिइन्छ । प्रदेश निजामती सेवा लगायतका आयोगको कार्य क्षेत्रभित्र रहेका सार्वजनिक सेवामा कर्मचारी छनौट गर्दा विभिन्न सेवा/समूहका लागि आवश्यक योग्यता परीक्षण गर्न विकसित प्रविधिहरूको प्रयोग गर्ने गरिन्छ। तसर्थः पदपूर्ति गर्नुपर्ने सङ्गठनको कार्य प्रकृतिलाई दृष्टीगत गरी व्यक्तिको ज्ञान, सीप, मनोवृत्ति र व्यवहारको परीक्षण गर्ने विभिन्न प्रकारको वैज्ञानिक प्रविधिको विकास गर्दै लानुपर्ने आवश्यकतालाई प्रथमिकता दिनुपर्ने हुन्छ।

तत्कालका लागि प्रदेश लोक सेवा आयोग ऐनमा भएको प्रावधान अनुसार सङ्घीय लोक सेवा आयोगले अबलम्बन गरेका विभिन्न परीक्षण प्रविधिहरूलाई नै प्रयोग गरी परीक्षणको कार्य गरिनेछ। साथै समय-समयमा विकास भएका नवीनतम् प्रविधिहरूको पनि क्रमशः प्रयोग गर्दै छनौट प्रणालीलाई अझ उन्नत बनाउँदै लगिनेछ।

### १.२ शैक्षिक योग्यता र पाठ्यक्रमः

#### ४.२.१. शैक्षिक योग्यताः

प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह तथा उप-समूहका पदहरूको शैक्षिक योग्यता प्रदेश लोक सेवा आयोगको परामर्शमा सम्बन्धित निकायहरूले नै निर्धारण गरे बमोजिकै हुने गरी मन्त्रालय र स्थानीय तहले निर्धारण गरेको कार्यविवरण र प्रस्तावित शैक्षिक योग्यतालाई उपयुक्तताको आधारमा यस आयोगले अबलम्बन गरिरहेको छ।मुख्यतया यसैलाई आधार मानी दरखास्त स्वीकृतीका क्रममा उत्पन्न विभिन्न दुविधाहरूको निवारण गर्ने गरिएको छ ।

#### ४.२.२. पाठ्यक्रम निर्माणः

आ.व. ०७७/०७८ मा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा अन्तर्गतका विभिन्न सेवा, समूह, उप-समूह गरी कुल ५९ वटा पदहरूको पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको छ । जसको विस्तृत विवरण तालिका ७ र ८ मा उल्लेख गरिएको छ ।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा स्वास्थ्य सेवाका कर्मचारीहरूको पदपूर्ति गर्ने कानुनी जिम्मेवारी प्रष्टसँग उल्लेख नभएको हुँदा यस सेवा अन्तर्गतको पाठ्यक्रम निर्माणको कार्य आगाडि बढ्न सकिरहेको छैन। तसर्थ, प्रदेश लोक सेवा आयोग ऐन संसोधनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरिएको छ र उक्त ऐन संसोधन पश्चाचात पाठ्यक्रम निर्माणको कार्य अगाडि बढाउन आयोग तयारी अवस्थामा रहेको छ।

**तालिका- ७**

**प्रदेश निजामती सेवा तर्फका पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण**

| क्र.सं. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १ | शिक्षा सेवा | शिक्षा प्रशासन/निरीक्षण | सहायकस्तर पाँचौं | १०० | २०७७/०८/२९ |
| २ | शिक्षा सेवा | शिक्षा प्रशासन/निरीक्षण | अधिकृतस्तर छैटौं | २०० | २०७७/०८/२९ |
| ३ | वन सेवा | जनरल फरेष्ट्री | तह विहिन/ वन रक्षक | ५० | २०७७/१०/१३ |
| ४ | वन सेवा | जनरल फरेष्ट्री | सहायकस्तर चौथो | १०० | २०७७/०९/०२ |
| ५ | वन सेवा | जनरल फरेष्ट्री फरेष्ट रिसर्च,स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाइल्डलाइफ कन्जरभेसन | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/०२ |
| ६ | वन सेवा | जनरल फरेष्ट्री फरेष्ट रिसर्च,स्वायल एण्ड वाटर कन्जरभेसन तथा वाइल्डलाइफ कन्जरभेसन | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/०७ |
| ७ | वन सेवा | वोटानी | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/०७ |
| ८ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी, हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर चौथो | १०० | २०७७/०९/१० |
| ९ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी,हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१० |

| क्र.सं. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १० | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी,हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१२ |
| ११ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी,हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १२ | कृषि सेवा | फिसरिज भेटेरिनरी र लाईफस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर चौथो | १०० | २०७७/०९/१० |
| १३ | कृषि सेवा | फिसरिज भेटेरिनरी र लाईफस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१० |
| १४ | कृषि सेवा | भेटेरीनरी | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १५ | कृषि सेवा | लाइफस्टक पोल्ट्री एणड डेरीडेभलपमेन्ट | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १६ | कृषि सेवा | फिसरिज | अधिकृतस्तर सातौं | २०० | २०७७/०९/१२ |
| १७ | इन्जिनियरिङ सेवा | सिभिल/स्यानिटरी | सहायकस्तर चौथो | १०० | २०७७/१०/०६ |
| १८ | इन्जिनियरिङ सेवा | सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/०६ |
| १९ | इन्जिनियरिङ सेवा | सिभिल/जनरल हाइवे, हाइड्रोपावर, इरिगेशन, स्यानिटरी र एयरपोर्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/०६ |
| २० | इन्जिनियरिङ सेवा | सिभिल/जनरल हाइवे, हाइड्रोपावर, इरिगेशन, स्यानिटरी र एयरपोर्ट | अधिकृतस्तर सातौं | २०० | २०७७/१०/०६ |
| २१ | इन्जिनियरिङ सेवा | सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | अधिकृतस्तर सातौं | २०० | २०७७/१०/०६ |

| क्र.सं. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| २२ | प्रशासन सेवा | सामान्य प्रशासन तथा लेखा समूह | सहायकस्तर चौथौ | २०० | २०७८/०३/२५ |
| २३ | प्रशासन सेवा | सामान्य प्रशासन, लेखा र राजश्व समूह | सहायकस्तर पाँचौं | २०० | २०७८/०३/२५ |
| २४ | विविध (महिला विकास) | | सहायकस्तर पाँचौं | २०० | २०७७/१२/२६ |
| २५ | विविध (महिला विकास) | | अधिकृतस्तर सातौं | ३०० | २०७७/१२/२६ |
| २६ | विविध (कम्प्यूटर) | | सहायकस्तर चौथौ | ५० | २०७८/०३/२५ |
| २७ | विविध (कम्प्यूटर) | | सहायकस्तर पाँचौं | ५० | २०७८/०३/२५ |
| २८ | विविध (कम्प्यूटर) | | अधिकृतस्तर सातौं/ कम्प्यूटर अधिकृत | २०० | २०७८/०३/२५ |
| २९ | विविध (कम्प्यूटर) | | अधिकृतस्तर सातौं/ कम्प्यूटर इन्जिनियर | २०० | २०७८/०३/२५ |

**तालिका ८**

**<u>स्थानीय सरकारी सेवा तर्फका विभिन्न पदहरूको निर्माण भएका पाठ्यक्रमको विवरण</u>**

| क्र.स. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| १ | शिक्षा सेवा | शिक्षा प्रशासन/निरीक्षण | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/०८ |
| २ | शिक्षा सेवा | शिक्षा प्रशासन/निरीक्षण | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/०८ |
| ३ | कृषि सेवा | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर चौथो | १०० | २०७७/०९/१४ |
| ४ | कृषि सेवा | फिसरिज, भेटेरिनरी र लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१४ |
| ५ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी,हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर चौथो | १०० | २०७७/०९/१६ |

| क्र.स. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| ६ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी,हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | सहायकस्तर पाँचौं | १०० | २०७७/०९/१६ |
| ७ | कृषि सेवा | प्लान्ट प्रोटेक्सन, एग्रोनोमी,हर्टिकल्चर, एग्री एक्स्टेन्सन, स्वायल साइन्स,एग्री इको एण्ड मार्केटिङ्ग | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१६ |
| ८ | कृषि सेवा | भेटेरीनरी | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१९ |
| ९ | कृषि सेवा | लाइभस्टक पोल्ट्री एण्ड डेरीडेभलपमेन्ट | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१९ |
| १० | कृषि सेवा | फिसरिज | अधिकृतस्तर छैटौं | २०० | २०७७/०९/१९ |
| ११ | न्याय सेवा | कानून | सहायकस्तर पाँचौं | २०० | २०७७/१०/१६ |
| १२ | न्याय सेवा | कानून | अधिकृतस्तर छैटौं | २०० | २०७७/१०/०६ |
| १३ | इन्जिनियरिङ सेवा | सिभिल | सहायकस्तर चौथो | १०० | २०७७/१०/११ |
| १४ | इन्जिनियरिङ सेवा | सिभिल | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/११ |
| १५ | इन्जिनियरिङ सेवा | सिभिल | अधिकृतस्तर छैटौं | २०० | २०७७/१०/११ |
| १६ | इन्जिनियरिङ सेवा | सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | सहायकस्तर पाँचौं | १०० | २०७७/१०/११ |
| १७ | इन्जिनियरिङ सेवा | सिभिल/विल्डिङ एण्ड आर्किटेक्ट | अधिकृतस्तर छैटौं | २०० | २०७७/१०/११ |
| १८ | इन्जिनियरिङ सेवा | सर्भे | सहायकस्तर चौथो, अमिन | १०० | २०७७/१२/०३ |
| १९ | इन्जिनियरिङ सेवा | सर्भे | सहायकस्तर पाँचौं, सर्भेक्षक | १०० | २०७७/१२/०३ |
| २० | इन्जिनियरिङ सेवा | सर्भे | अधिकृतस्तर छैटौं, नापी अधिकृत | २०० | २०७७/१२/०३ |
| २१ | प्रशासन सेवा | सामान्य प्रशासन र लेखा | सहायकस्तर चौथो | २०० | २०७७/१०/१५ |
| २२ | प्रशासन सेवा | सामान्य प्रशासन, लेखा र आन्तरिक परीक्षण | सहायकस्तर पाँचौं | २०० | २०७७/१०/१५ |

| क्र.स. | सेवा | समूह/उप-समूह | तह | पूर्णाङ्क | स्वीकृत मिति |
|---|---|---|---|---|---|
| २३ | प्रशासन सेवा | सामान्य प्रशासन, लेखा र आन्तरिक परीक्षण | अधिकृतस्तर छैटौं | ३०० | २०७७/१०/१८ |
| २४ | विविध सेवा (कम्प्यूटर) | - | सहायकस्तर चौथौ, सहायक कम्प्यूटर अपरेटर | ५० | २०७७/१०/१५ |
| २५ | विविध सेवा (कम्प्यूटर) | - | सहायकस्तर पाँचौं, कम्प्यूटर अपरेटर | ५० | २०७७/१०/१५ |
| २६ | विविध सेवा (कम्प्यूटर) | - | अधिकृतस्तर छैटौं, कम्प्यूटर इन्जिनियर | १५० | २०७७/१०/१९ |
| २७ | विविध सेवा (कम्प्यूटर) | - | अधिकृतस्तर छैटौं, कम्प्यूटर अधिकृत | १५० | २०७७/१०/१९ |
| २८ | विविध सेवा (महिला विकास) | - | सहायकस्तर चौथो स.म.वि.नि. | २०० | २०७७/०९/१३ |
| २९ | विविध सेवा (महिला विकास) | - | सहायकस्तर पाँचौं म.वि.नि. | २०० | २०७७/०९/१३ |
| ३० | विविध सेवा (महिला विकास) | - | अधिकृतस्तर छैटौं म.वि.अ. | ३०० | २०७७/०९/१३ |

# परिच्छेद ५

## विज्ञापन र दरखास्त

### ५.१ प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको दरबन्दी र पदपूर्तिको अवस्थाः

प्रदेश योजना आयोगको पहिलो पञ्चवर्षिय योजना सम्बन्धी पुस्तक अनुसार प्रदेशमा हाल जम्मा ३८८२ दरबन्दी रहेको छ। कर्मचारी समायोजन, पदस्थापना तथा तत्पश्चातका सरुवा सम्बन्धी विवरण राष्ट्रिय किताबखानामा अद्यावधिक गर्ने कार्य प्रकृयामा नै रहेको कारण प्रदेश तथा स्थानीय तहमा पूर्ति भएको र रिक्त रहेको दरबन्दीको अद्यावधिक विवरण प्राप्त हुन सकेको छैन। साथै प्रदेशमा रहेका आफू अन्तर्गतका कर्मचारीहरूको एकिकृत विवरण राख्ने प्रदेशस्तरीय किताबखानाको व्यवस्था नहुँदा एकिकृत विवरण प्राप्त हुन अप्ठ्यारो परेको छ। यद्यपि समायोजन ऐन अनुसार समायोजित पदहरू मध्ये पनि  उल्लेख्य मात्रमा दरबन्दी रिक्त रहेको बुझिएको छ।

### ५.२ पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकाः

प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन निर्देशिका), २०७७ बमोजिम प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभरी सम्पादन हुने कार्यहरू समेटिएको आ.व.०७८/७९ को वार्षिक कार्यतालिका प्रदेश लोक सेवा आयोगले निर्माण गरेको छ (अनुसूची-६) । वार्षिक कार्यतालिकामा माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, सीप परीक्षण तथा प्रयोगात्मक परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिएका छन्।

प्रदेश प्रहरी र सङ्गठित संस्थाको पदपूर्ति सम्बन्धी कार्यतालिकाको हकमा प्रतिशत निर्धारण र विज्ञापनका लागि सहमति प्रदान गर्नेदेखि लिखित परीक्षाको नतिजा प्रकाशन गर्नेसम्मका क्रियाकलापहरू समावेश गरिन्छ। हालसम्म यस्ता संस्थाहरूबाट पदपूर्ति सम्बन्धी कार्य सुरु भएको छैन।

### ५.३ प्रतिशत निर्धारणः

प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवामा रिक्त रहेका पदहरूमा पदपूर्तिका लागि रिक्त भए पश्चात प्रचलित कानून बमोजिमको अवधिमा सम्बन्धित सेवा सञ्चालन गर्ने मन्त्रालय/विभाग/कार्यालय र स्थानीय तहहरूले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउनु पर्नेछ। यसरी पदपूर्तिका लागि माग प्राप्त भएपछि कुल रिक्त पदहरू  मध्ये के कति पद कुन विधिबाट पूर्ति गर्ने भन्ने विषयमा सम्बन्धित सेवा सम्बन्धी कानूनका आधारमा प्रदेश लोक सेवा आयोगबाट प्रतिशत निर्धारण गरिन्छ। आ.व. २०७७/७८ मा स्थानीय सरकारी सेवा तर्फका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत माग भई आएका विभिन्न पदहरूको प्रतिशत निर्धारण गरी पदपूर्तिका काम कारबाहीहरू अगाडि बढाइएको छ ।

त्यस्तै प्रदेश प्रहरी सेवा र सङ्गठित संस्थाहरूको रिक्त पदहरूमा सम्बन्धित निकायका कर्मचारी सेवा शर्त सम्बन्धी कानूनमा उल्लिखित प्रावधान अनुसार प्रतिशत निर्धारण गरिनेछ। हालसम्म यस्ता निकायहरूले यस सम्बन्धी कामहरू अघि बढाइसकेको अवस्था देखिदैन।

## ५.४ विज्ञापनः

आ.व. २०७७/७८ मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत पहिलो पटक मिति २०७७/१२/०९ मा माग भई आएका स्थानीय सरकारी सेवाको पदहरू मध्ये इन्जिनियरीङ्ग सेवा, सिभिल समूह सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) को आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी गरी कुल १३२ पदको विज्ञापन मिति २०७७/१२/३० मा प्रकाशन गरिएको थियो। जसको विस्तृत विवरण अनुसूची-७ मा उल्लेख गरिएको छ र समष्टिगत विवरण चित्र नं. २ र ३ मा दिइएको छ।

**चित्र-२**

**आ.व. २०७७/७८ मा विज्ञापित पदसंख्या**




**चित्र-३**

**विज्ञापित पदहरुको वर्गिकरण (आन्तरिक प्रतियोगिता वाहेक)**



## ५.५ दरखास्तः

आ.व. २०७७/७८ मा स्थानीय सरकारी सेवा तर्फका इन्जिनियरीङ्ग सेवा, सिभिल समूह सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) र सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी गरी क्रमशः कुल १३२ पदको विज्ञापन प्रकाशन गरी भौतिक रूपमा दरखास्त सङ्कलन गरिएको थियो। जसमा सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) मा खुला तर्फ परेको कुल ५६२५ दरखास्त मध्ये ७९७ जना महिला र ४८२८ जना पुरुषले आवेदन दिएका छन् । समावेशी तर्फ कुल दरखास्त मध्ये १०४२ जना आ.ज. र १२६९ जना मधेसी आवेदक रहेका छन् ।

त्यस्तै, सहायकस्तर पाँचौं तह (सब-इन्जिनियर) मा खुला तर्फ परेको कुल ४४९५ दरखास्त मध्ये २४७ जना महिला र ४२४८ जना पुरुषले आवेदन दिएका छन् । समावेशी तर्फ कुल दरखास्त मध्ये ५५३ जना आ.ज. र २४७ जना महिला आवेदक रहेका छन् ।संकलित दरखास्तको वर्गीकरण देहायको तालिका ९ र १० मा उल्लेख गरिएको छ ।

स्थानीय तहलाई एक इकाइ मानेर प्रतिशत निर्धारण गरिएको हुनाले समावेशी समूह तर्फका अपाङ्ग, दलित, पिछडिएको क्षेत्रलाई प्रचलित व्यवस्था बमोजिम आगामि विज्ञापनमा समावेश गर्दै लगिनेछ।

**तालिका ९**

**संकलित दरखास्तको विवरण**

| क्र.सं. | विज्ञापन भएका पद | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | असिस्टेण्ट सब-इन्जिनियर | ४८२८ | ७९७ | ५६२५ |
| २ | सब-इन्जिनियर | ४२४८ | २४७ | ४४९५ |
| जम्मा | | ९०७६ | १०४४ | १०१२० |

**तालिका १०**

**संकलित दरखास्तको समावेशीता विवरण**

| क्र.सं. | विज्ञापन भएका पद | महिला | आदिवासी जनजाती | मधेशी |
|---|---|---|---|---|
| १ | असिस्टेण्ट सब-इन्जिनियर | ७९७ | १०४२ | १२६९ |
| २ | सब-इन्जिनियर | २४७ | ५५३ | - |
| जम्मा | | १०४४ | १५९५ | १२६९ |

दरखास्त सङ्कलनको कार्यलाई सहज एवम् पहुँच योग्य बनाउन आयोगको निर्णय बमोजिम आयोगको विराटनगर कार्यालय र प्रदेश नं. १ का देहायबमोजिमका कार्यालयहरूलाई अधिकार प्रत्यायोजन

गरी दरखास्त सङ्कलनको जिम्मा दिइएको थियो, जसबाट सङ्कलित दरखास्तको विवरण तालिका ११ मा प्रस्तुत गरिएको छ ।

तालिका ११

<u>दरखास्त सङ्कलनको कार्यालयगत विवरण</u>

| क्र.सं. | सङ्कलन गर्ने कार्यालयहरू | चौथौ तह असिस्टेण्ट सब-इन्जिनियर | पाँचौं तह सव इन्जिनियर | जम्मा |
|---|---|---|---|---|
| १ | प्रदेश लोक सेवा आयोगको कार्यालय, विराटनगर | ४३४७ | ३७८१ | ८१२८ |
| २ | घरेलु तथा साना उद्योग कार्यालय, इलाम | २३७ | १४३ | ३८० |
| ३ | घरेलु तथा साना उद्योग कार्यालय, धनकुटा | २६८ | १५४ | ४२२ |
| ४ | घरेलु तथा साना उद्योग कार्यालय, खोटाङ | १९४ | ९४ | २८८ |
| ५ | घरेलु तथा साना उद्योग कार्यालय, ओखलढुङ्गा | ६०२ | ३२७ | ९२९ |
| जम्मा | | ५६४८ | ४४९९ | १०१४७ |

### ५.६ अस्वीकृत भएका दरखास्तः

उपरोक्त बमोजिमको सङ्कलन भएका दरखास्त मध्ये विविध कारणले केही दरखास्तहरू स्वीकृत गर्न सकिएन, कारण सहित सो को विवरण तालिका १२ मा दिइएको छ।

तालिका १२

<u>स्वीकृत तथा अस्वीकृत दरखास्तको विवरण</u>

| क्र.सं. | विज्ञापन भएका पद | स्वीकृत भएका दरखास्त | अस्वीकृत भएका दरखास्त | अस्वीकृत हुनुको मुख्य कारण |
|---|---|---|---|---|
| १ | असिस्टेण्ट सब-इन्जिनियर | ५६२५ | १९ | ल्याप्चे सहित सहिछाप नभएको, उमेर हद नाघेको आदि |
| २ | सब-इन्जिनियर | ४४९५ | ९ | ल्याप्चे सहित सहिछाप नभएको, उमेर हद नाघेको आदि |

## ५.७ कुनै पनि दरखास्त नपरेका विज्ञापनः-

स्थानीय सरकारी सेवा तर्फका इन्जिनियरीङ्ग सेवा, सिभिल समूह सहायकस्तर चौथो तह (असिस्टेण्ट सब-इन्जिनियर) को आन्तरिक प्रतियोगिता मा १६ पदको विज्ञापन प्रकाशन भएको थियो । जसमा कुनै पनि दरखास्त परेन ।

## ५.८ प्रतिपद औसत दरखास्त

आयोगले गरेका विज्ञापनमा परेका दरखास्तको प्रतिपद औसत दरखास्तलाई तालिका १३ मा प्रस्तुत गरिएको छ ।

तालिका १३

प्रतिपद औसत दरखास्त

| पद | पुरुष | महिला | जम्मा दरखास्त | विज्ञापित पदसंख्या | प्रतिपद औसत दरखास्त |
|---|---|---|---|---|---|
| असिस्टेण्ट सब-इन्जिनियर | ४८२८ | ७९७ | ५६२५ | ६९ | ८२ |
| सब-इन्जिनियर | ४२४८ | २४७ | ४४९५ | ४७ | ९६ |

## ५.९ लिङ्गको आधारमा दरखास्त वर्गिकरणः

दरखास्त दिने महिला र पुरुषहरूको विवरण तलको चित्र नं. ४ मा दिइएको छ । उपलब्ध तथ्याङ्क अनुसार असिष्टेन्ट सव-इन्जिनियर पदमा ७९७ जना र सब-इन्जिनियर पदमा २४७ जना महिलाहरू को दरखास्त परेको थियो । यी तथ्यले इन्जिनियरिङ सेवामा प्रत्यासि महिलाहरूको संख्या न्युन रहेको देखिन्छ ।

चित्र- ४

कुल दरखास्तमा महिला र पुरुषको तुलनात्मक विवरण




| | असिष्टेण्ट सब-ईन्जिनियर | सब-ईन्जिनियर |
|---|---|---|
| महिला | ७९७ | २४७ |
| पुरुष | ४८२८ | ४२४८ |

## ५.१० उमेर समूहको आधारमा दरखास्त वर्गीकरणः

उमेर समूह अनुसारको दरखास्त विवरण तालिका १४ मा देखाइएको छ।जसअनुसार सबैभन्दा बढी दरखास्त २१-२५ उमेर समूहमा परेको पाइयो भने सबैभन्दा कम दरखास्त ४१-४५ उमेर समूहमा पाइयो । पैंतालीस (४५) वर्षभन्दा माथि उमेर समूहमा कुनै पनि दरखास्त आएन ।

**तालिका १४**

**उमेर समूह अनुसार दरखास्तको विवरण**

| उमेर समुह / पद | १८-२० | २१-२५ | २६-३० | ३१-३५ | ३६-४० | ४१-४५ | ४५ माथि |
|---|---|---|---|---|---|---|---|
| असिस्टेण्ट सब-इन्जिनियर | ११३९ | २६४० | १४५० | ३७९ | १६ | १ | ० |
| सब-इन्जिनियर | ३३२ | २११८ | १६२८ | ४१० | ७ | ० | ० |
| जम्मा | १४७१ | ४७५८ | ३०७८ | ७८९ | २३ | १ | ० |

## परिच्छेद ६

# परामर्श

### ६.१. कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्शः

प्रतिवेदन अवधिमा कर्मचारी सेवाका शर्त सम्बन्धी विषयमा आयोगबाट विभिन्न परामर्शहरू प्रदान गरिएको छ। जसको विस्तृत विवरण तालिका १५ मा उल्लेख गरिएको छ।

**तालिका १५**

**कर्मचारी सेवा शर्त सम्बन्धी विषयमा परामर्श**

| क्र.सं. | निर्णय मिति | परामर्श |
|---|---|---|
| १ | २०७७/०६/१९ | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मिति २०७६/०५/१७ मा जारी भए पश्चात धरान उपमहानगरपालिका धरानले "धरान उपमहानगरपालिकाको स्थानीय कर्मचारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरूको व्यवस्था गर्न बनेको ऐन २०७६", धनकुटा नगरपालिका धनकुटाले, "धनकुटा नगरपालिकाको कर्मचारी सेवा ऐन २०७७", सूर्योदय नगरपालिका इलामले "सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७६" प्रदेश लोक सेवा आयोगको परामर्श विना नगर सभाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरी लागू गरेको सन्दर्भमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (२) बमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा र यसरी बनेका कानून कार्यान्वयन गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने कानुनी व्यवस्था भएको साथै प्रदेश लोक सेवा आयोग ऐनको व्यवस्था बमोजिम आयोगको परामर्श नलिई भए गरेका कामकारबाहीहरू ऐनको दफा ४५ र दफा ५२ बमोजिम वदर हुने र त्यसरी गरिएको नियुक्ति तथा बढुवा समेत रद्द हुने व्यवस्था भएको हुँदा माथि उल्लेखित स्थानीय तह सहित प्रदेश नं.१ भित्रका सम्पूर्ण स्थानीय तहहरूलाई प्रचलित कानुनी व्यवस्था स्मरण गराउँदै आयोगको परामर्श विना नियुक्ति, बढुवा र विभागीय कारबाही नगर्न नगराउनहुन जानकारी दिने र आयोगको निर्णय कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने निर्णय गरिएको छ। |

| क्र.सं. | निर्णय मिति | परामर्श |
|---|---|---|
| २ | २०७७/०६/१९ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट अस्थायी कर्मचारीको म्याद थप सम्बन्धी विषयमा राय माग भई आएकोमा आयोगमा छलफल हुँदा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (२) बमोजिमको व्यवस्था पालना गर्न उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई लेखी पठाउने निर्णय गरिएको छ । |
| ३ | २०७७/०७/०३ | सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगरबाट सो मन्त्रालय मातहतमा रहेको स्वास्थ्य निर्देशनालय, धनकुटा अन्तर्गतका विभिन्न निकायहरूको लागि चालु आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधिभित्र रही सोही निर्देशनालयबाट स्थायी दरबन्दी भन्दा बाहेकका विशेष कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि, २०७६ र विद्यालय नर्सिङ सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम विभिन्न अस्पताल, आयुर्वेद औषधालय र स्वास्थ्य केन्द्रहरूमा चिकित्सक तथा स्वास्थ्य कर्मचारीहरू र विद्यालय नर्सिङ सेवा कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयहरूमा विद्यालय नर्सहरू भर्ना गर्न प्रकृया अघि बढाउन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा २ को खण्ड (क) बमोजिम परामर्श माग भएको सन्दर्भमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा २ को खण्ड (क) मा प्रदेश निजमाती सेवा, अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि  नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था रहेको हुँदा माथि उल्लेखित पदहरूमा प्रदेश लोक सेवा आयोग ऐन २०७६, प्रदेश लोक सेवा आयोग नियमावली २०७७ एवम् अन्य प्रचलित कानून बमोजिमका प्रक्रियाहरू अबलम्बन गरी उम्मेदवारहरूलाई प्रतिस्पर्धाको अवसरबाट वञ्चित नहुने व्यवस्था गरी बढीमा ६ महिनाको लागि पदपूर्ति गर्न सहमति प्रदान गर्ने साथै उल्लिखित पदहरूलाई आवश्यकताका आधारमा सङ्गठन तथा व्यवस्थापन (O and M) सर्वेक्षण गरी स्थायी पदपूर्ति गर्ने तर्फ आवश्यक प्रक्रिया अघि बढाउन समेत सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १, विराटनगरलाई अनुरोध गर्ने निर्णय गरिएको छ। |

उपरोक्त बमोजिम उपलब्ध गराइका परामर्शहरू धेरैजसो स्थानीय तहहरूले पालना नगरेको बुझिएको छ। यस विषयका सम्बन्धमा अनुगमन गरेर नियमन गर्न सक्ने अधिकार प्रदेश लोक सेवा आयोगमा रहेको भएपनि सिमित कर्मचारी संख्याका कारण गर्न सकिएको छैन। यस बारे प्रदेश सरकारको तर्फबाट पनि वेलैमा नियमन गर्न चासो नदेखाएमा स्थानीय तहको कर्मचारी प्रशासन अनियन्त्रित एवम् विशृङ्खल हुने देखिन्छ।

# परिच्छेद ७

# संस्थागत सुधार र प्रविधिको प्रयोग

## ७.१. संस्थागत सुधारः

भाडामा लिएको करिब ४,९०० वर्ग फिट क्षेत्रफल ओगटेको कार्यालय भवनमा आयोगका पदाधिकारीहरूका कार्यकक्ष, विभिन्न शाखा/महाशाखा, बैठक कक्ष लगायत कार्यकक्षहरू सञ्चालन गरिएको छ। केही परिमाणमा फर्निचरहरू, कार्यालय सामानहरू, फर्निसिङ आदि बन्दोवस्त गरिएको छ। आयोगका पदाधिकारी तथा कर्मचारीहरूको आवत-जावतको लागि ४ थान चारपाङ्ग्रे सवारी साधन, ३ थान दुई पाङ्ग्रे सवारी साधन र ३ थान साइकलको व्यवस्थापन गरिएको छ। आयोगको कार्यालयमा काम गर्न सजिलो बनाउनका लागि कार्यालय पार्टेसन गरी व्यवस्थित बनाइएको छ। सिमित भौतिक संरचनामा पनि आयोगले आफ्नो काम व्यवस्थीत ढङ्गले गरिरहेको छ।

## ७.२. प्रविधिको प्रयोगः

सूचना र प्रविधिको विद्यमान युगमा प्रविधिको उपयोग अपरिहार्य बन्दै गइरहेको छ । आयोगबाट सम्पादन हुने कार्यलाई छिटो, छरितो एवम् विश्वसनीय बनाउन आयोगका कामहरूलाई सूचना प्रविधिसँग आवद्द गर्न प्रदेश लोक सेवा आयोगले स्थापना भएको छोटो अवधिमा उल्लेखनिय कार्य गरेको छ ।

### ७.२.१. अनलाइन प्रणाली

आयोगले परीक्षार्थीहरूको सहजतालाई ध्यानमा राखी अनलाइन प्रणाली मार्फत दरखास्त सङ्कलनको कार्य गर्न Province 1 Public Service Recruitment Management System (P1PSRMS) सञ्चालन भएको छ ।यसबाट आयोगका सबै विज्ञापनहरू प्रकाशन गर्ने, दरखास्त सङ्कलन गर्ने, दरखास्त स्वीकृत गर्ने, रोल नं. कायम गर्ने, स्वीकृत नामावली तयार गर्ने लगायतका कार्यहरू आयोगको अनलाइन प्रणाली मार्फत सम्पादन गरिनेछ ।

### ७.२.२. सामाजिक सन्जाल

आयोगले आफ्नो वेबसाइट psc.p1.gov.np तथा इ-मेल province1psc@gmail.com समेत सञ्चालनमा ल्याएको छ। आयोगबाट प्रवाह गर्नुपर्ने सूचना, जानकारीहरू वेबसाइट मार्फत नियमित रूपमा सार्वजनिक गरिदै आएको छ ।

### ७.२.३. सूचना प्रवाहः

सूचना प्रवाहका सम्बन्धमा आयोगले निम्न लिखित मुख्य व्यवस्थाहरू गरेको छः

(क) आयोगका विज्ञापन तथा अन्य सूचनाहरू राष्ट्रिय एवम् प्रदेशस्तरका पत्रिकामा प्रकाशन गर्ने गरिएको छ ।

(ख) आयोगका गतिविधिहरू आफ्नो वेवसाईटमा अद्यावधिक रूपमा राख्ने गरिएको छ।साथै आयोगको वेबसाइट सबैको जानकारी तथा पहुँचको लागि प्रदेश सरकारको पोर्टलमा समेत राख्ने व्यवस्था मिलाइएको छ।

(ग) आयोगको प्रवक्तामा उप-सचिव श्री तीर्थ प्रसाद धिताल तथा सूचना अधिकारीमा अधिकृत सातौं श्री केदारनाथ रिजाललाई तोकिएको छ।

(घ) आयोगले आफ्नो पहिलो स्थापना दिवसको अवसर पारेर विभिन्न प्रतिष्ठित व्यक्तिहरूका लेख रचना तथा आयोगका गतिविधीहरू सङ्ग्रहित गरी "प्रदेश लोक सेवा आयोग स्मारीका, २०७७" सार्वजनिक गरेको छ ।

## परिच्छेद ८

# निर्णय तथा कार्यान्वयनको अवस्था

### ८.१ आयोगको मुख्य मुख्य निर्णय तथा कार्यान्वयनको अवस्थाः

प्रदेश लोक सेवा आयोगले यस प्रतिवेदन अवधिमा विभिन्न बैठकहरूवाट गरेका मुख्य-मुख्य निर्णयहरू र तिनको कार्यान्वयनको अवस्था तालिका १६ मा प्रस्तुत गरिएको छ ।

तालिका १६

आयोगका निर्णय तथा कार्यान्वयनको अवस्था

| क्र.स. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फका विभिन्न सेवा,समूह तथा उप-समूहमा पर्ने विभिन्न पदहरूको ५९ वटा पाठ्यक्रम निर्माण गर्ने विभिन्न मितिमा निर्णय गरिएको । | विभिन्न सेवा,समूह तथा उप-समूहमा पर्ने विभिन्न पदहरूको पाठ्यक्रम कार्यान्वयनको क्रममा रहेको । |
| २ | लोगो निर्माण सम्बन्धी समिति गठन गरेर लोगो छनौटको कार्य अघि बढाइएको । | सूचना आव्हान गर्दा प्रदेशको चिनारी झल्कने उपयुक्त लोगो प्राप्त नभएकोले उक्त प्रक्रिया पुनः अगाडि बढाउने गरी निर्णय भएको । |
| ३ | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मिति २०७६/०५/१७ मा जारी भए पश्चात धरान उपमहानगरपालिका धरानले "धरान उपमहानगरपालिकाको स्थानीय कर्मचारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरूको व्यवस्था गर्न बनेको ऐन २०७६", धनकुटा नगरपालिका धनकुटाले, "धनकुटा नगरपालिकाको कर्मचारी सेवा ऐन २०७७", सूर्योदय नगरपालिका इलामले "सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कर्मचारी व्यवस्थापन ऐन, २०७६" प्रदेश लोक सेवा आयोगको परामर्श विना नगर सभाबाट स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित गरी लागू गरेको सन्दर्भमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। | |

| क्र.स. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (२) बमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा र यसरी बनेका कानून कार्यान्वयन गर्दा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने कानुनी व्यवस्था भएको साथै प्रदेश लोक सेवा आयोग ऐनको व्यवस्था बमोजिम आयोगको परामर्श नलिई भए गरेका कामकारबाहीहरू ऐनको दफा ४५ र दफा ५२ बमोजिम बदर हुने र त्यसरी गरिएको नियुक्ति तथा बढुवा समेत रद्द हुने व्यवस्था भएको हुँदा माथि उल्लेखित स्थानीय तह सहित प्रदेश नं.१ भित्रका सम्पूर्ण स्थानीय तहहरूलाई प्रचलित कानुनी व्यवस्था स्मरण गराउँदै आयोगको परामर्श विना नियुक्ति, बढुवा र विभागीय कारबाही नगर्न नगराउन हुन जानकारी दिने र आयोगको निर्णय कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने निर्णय गरिएको छ। | १.उल्लेखित स्थानीय तहहरू सहित प्रदेश नं.१ अन्तर्गतका १३७ स्थानीय तहहरूलाई कानून बमोजिम प्रदेश लोक सेवा आयोगको परामर्शमा मात्र कार्य गर्न लेखि पठाइएको।<br>२.कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत लेखि पठाइएको छ । |
| ४ | आयोगको मिति २०७७/०६/२० को निर्णयानुसार प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७७ स्वीकृत गरिएको। | कार्यान्वयन भैरहेको । |
| ५ | मिति २०७७/०६/२९ को निर्णयानुसार प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचारसंहिता,२०७७ स्वीकृत गरिएको । | कार्यान्वयन भैरहेको । |
| ६ | मिति २०७७/०७/१७ को निर्णयानुसार प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि,२०७७ स्वीकृत भएको । | कार्यान्वयन भैरहेको । |
| ७ | मिति २०७७/०८/२५ को निर्णयानुसार प्रदेश लोक सेवा आयोग खर्च (व्यवस्थापन) कार्यविधि,२०७७ स्वीकृत भएको । | कार्यान्वयन भैरहेको । |

| क.स. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ८ | मिति २०७७/१०/१३ को निर्णयानुसार प्रदेश लोक सेवा आयोग ऐन, २०७६को दफा ४५(५) मा उपदफा (१) वा (२) बमोजिमको अनियमित काम गर्ने कर्मचारीलाई सेवा शर्त सम्बन्धी प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्नको लागि आयोगले सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ। उपदफा (४) वा (५) बमोजिम आयोगले विभागिय कारबाहीको लागि लेखि पठाएमा आयोगले तोकेको अवधि भित्र अख्तियारवालाले सम्बन्धित कर्मचारीलाई विभागीय कारबाही गरी सो को जानकारी यथाशिघ्र आयोगलाई दिनुपर्नेछ भन्ने व्यवस्था थप गर्न आवश्यक संसोधनका लागि पठाइएको । | संसोधनको प्रक्रियामा रहेको । |
| ९ | मिति २०७७/१२/११ को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगरको च.नं. १२५३ मिति २०७७/१२/०९ को माग आकृति फाराम सम्बन्धमा भन्ने विषयको पत्र प्राप्त भई आयोगमा छलफल हुँदा पदपूर्तिका लागि सिफारिस हुने अवस्थामा सम्बन्धित कर्मचारीको सेवा, शर्त र सुविधा इत्यादिको सुनिश्चितता हुने गरी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २२ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ को नियम ३ बमोजिम हुन भनि लेखि आएको सन्दर्भमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० बमोजिम प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा कानून निर्माण गर्दा आयोगको परामर्श लिनुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा प्राप्त पत्रमा उल्लेख भए अनुसार कर्मचारीको सेवा, शर्त र सुविधाको सुनिश्चितता गर्ने कार्यक्षेत्र आयोगको नभएको हुनाले सो सम्बन्धमा माननीय मुख्यमन्त्री, प्रमुख सचिव र सेवा समूह सञ्चालन गर्ने मन्त्रालयका अन्य सचिवहरूसँग आयोगका पदाधिकारीले उपयुक्त समयमा छलफल गर्ने निर्णय गरियो। | यस निर्णयका बारेमा माननीय मुख्यमन्त्रीज्यू र श्रीमान् प्रमुख सचिवज्यूसँग छलफल गरिएको छ। |

| क.स. | निर्णय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १० | मिति २०७७/१२/२७ को निर्णयानुसार प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २४ को उपदफा (१) अनुसार प्रदेश लोक सेवा आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको रिक्त पदपूर्ति गर्नको लागि वार्षिक कार्यतालिका बनाई विज्ञापन प्रकाशन गर्नुपर्नेछ भन्ने व्यवस्था भएता पनि मुख्मयन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.न. १२५३, मिति २०७७/१२/०९ गतेको पत्रबाट एकमुष्ट रूपमा पदपूर्तिको लागि माग गरेको हुँदा यस आ.व. २०७७/०७८ को लागि पहिलो चरणमा स्थानीय तहमा रिक्त रहेको इन्जनियरिङ्ग सेवा, सिभिल समूह, सहायकस्तर चौथो तह, असिस्टेण्ट सब इन्जिनियर र सहायकस्तर पाचौं तह, सब इन्जिनियर पदको विज्ञापन गर्ने र क्रमश अन्य सेवा समूहका पदको विज्ञापन गरी आ.व. २०७८/७९ देखि कार्यतालिका निर्माण गरी पदपूर्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको। | विज्ञापन प्रकाशन, दरखास्त सङ्कलन तथा स्वीकृतीको कार्य सम्पन्न भएको साथै लिखित परीक्षाको तयारी अन्तिम चरणमा पुगेको । |
| ११ | मिति २०७८/०२/१० मा प्रदेश लोक सेवा आयोगको कार्यालय विराटनगर महानगरपालिका वडा नं. ३ स्थित भाडाको घरमा कार्यालय स्थापना गरी आफ्ना क्रियाकलापहरू सञ्चालन गरिरहेकोमा आयोगका सम्पूर्ण कामहरू नियमित रूपमा सञ्चालन गर्दा हालको कार्यालय भवनमा कार्यकक्ष तथा स्थानको अभाव हुने भएकोले आयोगको कार्य प्रकृति अनुसारको भवन निर्माण गर्न आयोगलाई ८-१० कठ्ठा जग्गा आवश्यक पर्ने हुँदा उक्त क्षेत्रफल बमोजिमको जग्गा आयोगको कार्यप्रकृतिलाई समेत मध्यनजर गरी धरान विराटनगर (मलाया रोड) रोडको छेउछाउ पायक पर्ने स्थानमा उपलब्ध गराइदिनका लागि विराटनगर महानगरपालिकालाई अनुरोध गर्ने निर्णय गरिएको। | प्रदेश लोक सेवा आयोगको अनुरोधलाई सकारात्मक रूपमा लिई कार्य अगाडि बढाउने जानकारी प्राप्त भएको । |

| क्र.स. | निर्णय | कार्यान्वयनको अवस्था |
| --- | --- | --- |
| १२ | २०७८/०२/१०प्रदेश लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्य, प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन, पाठ्यक्रम निर्माण लगायत अन्य कामकाज गर्नका लागि काठमाडौ स्थित विभिन्न विषय विज्ञहरूसँग सम्पर्कमा रही कामकाज गर्नुपर्ने भएकोले सो कार्यको सजहताका लागि काठमाडौमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सम्पर्क कार्यालयको कम्तिमा एउटा कोठा आयोगको सम्पर्क कार्यालयको लागि उपलब्ध गराईदिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गर्ने निर्णय गरिएको। | सो सम्बन्धमा कार्य अगाडि बढाउने जानकारी प्राप्त भएको तर कार्यान्वयनमा आइ नसकेको। |
| १३ | मिति २०७८/०३/०१ को निर्णयानुसार प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरूको सेवा सुविधामा केही विषयहरू छुट भएको तथा केही विषयहरू समय सापेक्ष परिवर्तन गर्नुपर्ने भएको हुँदा प्रदेश लोक सेवा आयोग ऐन २०७६ को अनुसूची २ र ३ मा आवश्यक संसोधनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएको । | हालसम्म केही जानकारी प्राप्त नभएको । |
| १४ | मिति २०७८/०३/२५ को निर्णयानुसार आर्थिक वर्ष ०७८/०८९ को प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फको पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका स्वीकृत गरिएको । | कार्यान्वयन भैरहेको । |

# परिच्छेद -९

# ध्यानाकर्षण र सुझाव

## ९.१ ध्यानाकर्षण भएका विषयहरुः

### (क) अस्थायी कर्मचारीको म्याद थप सम्बन्धमा

प्रदेश अन्तर्गतका केही जिल्लाका घरेलु तथा साना उद्योग कार्यालयमा कार्यरत नेपाल सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भएका तत्कालिन घरेलु तथा साना उद्योग विकास समिति तर्फका अस्थायी कर्मचारीहरूको एक वर्ष अवधिको म्याद थप उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट भएको सम्बन्धमा उपरोक्त बमोजिमका कर्मचारीहरू कुन कुन पदमा कति संख्यामा कार्यरत छन ? सो को अद्यावधिक विवरण र म्याद थप सम्बन्धमा भएको निर्णय समेत उक्त मन्त्रालयबाट माग गरिएकोमा प्राप्त विवरण तथा भएको कामकारबाही सम्बन्धी कागजातहरू अध्ययन गर्दा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले प्रदेश मातहतमा हस्तान्तरण भएका अस्थायी कर्मचारीहरूको म्याद थप गर्दा प्रदेश लोक सेवा आयोग ऐन,२०७६ को दफा १० को उपदफा २को खण्ड (क) बमोजिम प्रदेश निजामती सेवाका पदमा ६ महिना भन्दा बढी समयका लागि अस्थायी नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने कानुनी व्यवस्था पालना भएको नपाइएकोले उपरोक्त अनुसारको अस्थायी कर्मचारीहरूको म्याद थप गर्दा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा २ को खण्ड (क) मा भएको व्यवस्था अनुसार हुन उक्त मन्त्रालयलाई अनुरोध गरिएकोमा उक्त कर्मचारीहरूको अस्थायी म्याद थप सम्बन्धमा हालसम्म उक्त कानुनी व्यवस्था पालना भए नभएको बारे यस प्रतिवेदन अवधिमा आयोगमा कुनै जानकारी प्राप्त हुन नआएकोले यस विषयमा आयोगको ध्यानाकर्षण भएको छ।

### (ख) रिक्त पदपूर्तिका लागि माग गर्ने सम्बन्धमाः

आयोगको मिति २०७७/५/२५ को बैठक नं १३ निर्णय नं २ अनुसार प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ बमोजिम रिक्त पदपूर्तिका लागि माग गर्दा भर्नु पर्ने फारम भरी पठाउन प्रदेश स्तरका सवै मन्त्रालय, आयोग, सचिवालय तथा प्रदेश अन्तरगतको अन्य निकायहरू एवम प्रदेशको सबै स्थानीय तहहरूलाई जानकारी दिई रिक्त पदहरूको माग सङ्कलन गर्ने निर्णय भए बमोजिम प्रदेशका स्थानीय तहहरूबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत माग फारमहरू प्राप्त भई विज्ञापनको क्रममा रहेको तर प्रदेश सरकारका मन्त्रालयहरू एवम् प्रदेश अन्तर्गतका अन्य निकायहरूमा समायोजन भई आएका

पदहरू मध्ये रिक्त हुन आएका दरबन्दीहरू उलेख्य सङ्ख्यामा रहँदा रहँदै पनि पदपूर्तिका लागि नियमानुसार मागको आकृति फारम भरी आयोगमा हालसम्म प्राप्त नभएको विषय प्रति आयोगको ध्यानाकर्षण भएको छ।

### (ग) स्थानीय कर्मचारी सेवा ऐन र पदपूर्ति बारेः

प्रदेश लोक सेवा आयोग ऐन, २०७६को दफा १० को उपदफा (२) को खण्ड (ख) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय सरकारी सेवाको कर्मचारीको सेवा शर्त सम्बन्धी कानूनको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श अनिवार्य रूपमा लिनुपर्ने कानुनी व्यवस्था रहेकोमा धरान उपमहानगरपालिका, सुनसरी धनकुटा न.पा धनकुटा र सूर्योदय न.पा इलामले कानून अनुसार यस आयोगको परामर्श नलिई कर्मचारी सेवा, शर्त सम्बन्धी ऐन जारी गरी लागू गरेको बुझिएकोले यस विषयमा आयोगको गम्भिर ध्यानाकर्षण भएको छ।

साथै प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन हाल सम्म निर्माण हुन नसकेको कारणले माथि उल्लेखित परिस्थिति उत्पन्न भएको देखिन्छ। त्यस कारण प्रदेश निजामती सेवा ऐन र स्थानीय सरकारी सेवा ऐन यथाशिघ्र निर्माणका लागि प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई अनुरोध गरिएकोमा सो सम्बन्धी काम कारबाही हालसम्म हुन नसकेको हुँदा यसबाट भविष्यमा गम्भीर असर पर्ने देखिन्छ।

### (घ) स्वास्थ्य तर्फका करार कर्मचारी बारेः

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको च.नं ९६५ मिति २०७७/०६/३० को पत्रबाट स्वास्थ्य निर्देशनालय धनकुटा अन्तर्गतका विभिन्न निकायहरूका लागि आ.व.२०७७/०७८ को स्वीकृत कार्यक्रम बमोजिम स्थायी दरबन्दी भन्दा बाहेकका विशेष कार्यक्रम सञ्चालनका लागि स्वीकृत प्रदेश स्वास्थ्य कर्मचारी करार कार्यविधि, २०७६ र विद्यालय नर्सिङ सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम विभिन्न अस्पताल, आयूर्वेद औषधालय र स्वास्थ्य केन्द्रहरूमा चिकित्सक तथा स्वास्थ्य कर्मचारीहरू र विद्यालय नर्सिङ सेवा कार्यक्रम अन्तर्गत विभिन्न विद्यालयहरूमा ६ महिना अवधिका लागि नर्सिङ कर्मचारीहरू अस्थायी भर्ना गर्न आयोगमा सहमति माग भई आए अनुसार प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को उपदफा (२) को खण्ड (क) मा भएको व्यवस्था बमोजिम उल्लेखित पदहरूमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ नियमावली, २०७७ एवम् अन्य प्रचलित कानुन बमोजिमका प्रकृयाहरू अबलम्बन गरी उक्त पदहरूमा बढीमा ६ महिनाको लागि अस्थायी पदपूर्ति गर्न सहमति प्रदान गरिनुका साथै उपरोक्त उल्लेखित पदहरूको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O and M Survey) गरी स्थायी पदपूर्ति गर्ने तर्फ

आवश्यक प्रकृया अघि बढाउन समेत सामाजिक विकास मन्त्रालयलाई अनुरोध गरिएकोमा त्यस्तो प्रकृया हालसम्म अघि बढे नबढेको बारे आयोगलाई कुनै जानकारी प्राप्त भएको छैन। जसका कारण आ.व. २०७८/७९ मा पनि उक्त कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने अवस्था रहेमा ती पदहरूमा पूनः अस्थायी नियूक्तिका लागि सहमतिका लागि अनुरोध भई आएमा कानून अनुसार आयोगबाट सहमति प्रदान गर्न नसकिने अवस्था रहेकोले यसमा आयोगको ध्यानाकर्षण भएको छ।

**(ङ) स्वास्थ्य सेवा तर्फको पदपूर्ति बारेः**

प्रदेश लोक सेवा आयोग ऐन,२०७६ मा प्रदेश स्तरका स्वास्थ्य सेवाको कर्मचारीहरूको पदपूर्ती गर्ने कानुनी जिम्मेवारी प्रदेश लोक सेवा आयोगलाई नभएका कारण स्वास्थ्य सेवाका पदहरूको पदपूर्ति गर्ने कार्यका प्रारम्भिक कामहरू पनि सुरु हुन सकेका छैनन। कर्मचारी समायोजन पश्चात रिक्त रहन आएका स्थानीय तहका त्यस्ता पदहरूबारे पदपूर्तिका लागि उल्लेख्य संख्यामा माग भई आएको छ भने प्रदेश सरकार अन्तर्गत समेत यस्ता पदहरू रिक्त रहेको बुझिएको छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १० बमोजिम स्वास्थ्य सेवा तर्फका पदहरू लोकसेवा आयोगबाट पदपूर्ति हुने कानुनी व्यवस्था छ। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १२ (२) बमोजिम प्रदेश तथा स्थानीय तहमा स्वास्थ्य सेवा तर्फका पदहरूको समेत प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति हुने कार्य अघि बढाउन नीतिगत व्यवस्था हुनका लागि आयोगको २०७७/६/२९ को बैठकको निर्णयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई अनुरोध गरिएकोमा यस प्रतिवेदन अवधिमा यस सम्बन्धमा कुनै पनि जानकारी प्राप्त नभएका कारण प्रदेश स्वास्थ्य सेवा तथा स्थानीय सरकारी सेवा तर्फका स्वास्थ्य सेवाका पदहरूको पदपूर्ति सम्बन्धी प्रारम्भिक कार्यहरू समेत यस अवधिमा गर्न नसकिएकोले यस विषयमा आयोगको ध्यानाकर्षण भएको छ।

**(च) वन रक्षकको पदपूर्ति बारेः**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मिति २०७७/०९/२७ को पत्र अनुसार उक्त मन्त्रालय अन्तरगतका निर्देशनालय तथा कार्यालयहरूमा वन सेवा, जनरल फरेष्ट्री समूह, श्रेणी विहिन, वन रक्षक पदहरू ठूलो संख्यामा रिक्त रहेको हुँदा रिक्त पदहरू मध्ये ८२ जना वन रक्षक करार सेवामा पदपूर्ति गर्न सहमति माग भई आएकोमा प्रदेश लोक सेवा आयोग उल्लेखित पदको स्थायी पदपूर्ति गर्न सक्ने अवस्थामा भएकोले रिक्त दरबन्दी प्रदेश लोक सेवा आयोग नियमावली, २०७७ को अनुसूची १ बमोजिम पदपूर्तिका लागि माग गर्दा भर्नु पर्ने फारम भरी पठाउन अनुरोध गरिएकोमा यस प्रतिवेदन अवधिभरमा त्यस्तो माग आकृति फाराम यस आयोगमा प्राप्त हुन नआएकोले यसरी समायोजित पदमध्ये रिक्त हुन आएका १७३ वन रक्षक पदहरूमा स्थायी पदपूर्ति गर्न मन्त्रालयको चासो नरहेको विषयप्रति आयोगको ध्यानाकर्षण भएको छ।

## (छ) पदपूर्तिका लागि सहमति माग सम्बन्धमाः

इलाम न.पा. का मिति २०७७/०६/८ र २०७७/११/२६का पत्रहरू बमोजिम उक्त न.पा. मा स्वीकृत दरबन्दी मध्ये रिक्त प्रशासकीय सहायक पाँचौं तहका ७ पद मध्ये खुला बाट ४ र वढुवाबाट ३ पदपूर्ति गर्न सहमति माग भएकोमा प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २२ बमोजिम पदपूर्तिका लागि आयोगमा पठाउनु पर्ने र प्राप्त रिक्त पदको प्रचलित कानून बमोजिम प्रदेश लोक सेवा आयोगले प्रतिशत निर्धारण गरी पदपूर्ति प्रकृया अघि बढाउने कानुनी प्रावधान विपरित उक्त नगरपालिकाले कानून अनुसार आफूलाई प्राप्त नभएको अधिकार प्रयोग गरी पदपूर्ती सम्बन्धी कार्यबाही अघि बढाएको वुझिएको हुँदा सो कानुनी व्यवस्था बारे इलाम नगरपालिका र प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूलाई त्यसरी पदपूर्ति नगर्न जानकारी गराइएको छ। साथै, प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४५ को उपदफा (१) मा संविधान, यो ऐन र अन्य प्रचलित कानून बमोजिम आयोगको परामर्श लिनु पर्ने भनी निर्धारित विषयमा परामर्श नलिई भएका कार्यहरू आयोगले बदर गर्न सक्नेछ भन्ने व्यवस्था भएको हुँदा यसरी गरिएका नियूक्ति, बढुवा वा विभागीय कार्यवाही वदर गर्न आयोगले आदेश दिन सक्ने व्यहोरा इलाम न.पा. तथा प्रदेश नं १ अन्तर्गतका स्थानीय तहहरूलाई लेखि पठाइएकोमा प्रदेशका सबै स्थानीय तहहरूले आयोगको उक्त निर्देशन पालना नगरेको हुँदा उक्त विषयप्रति आयोगको ध्यानाकर्षण भएको छ।

## (ज) गैरकानुनी पदपूर्ति बारेः

यस आयोगवाट धनकुटा नगरपालिका लगायत प्रदेश १ का सबै स्थानीय तहहरूलाई रिक्त दरबन्दीहरूमा पद पूर्तीका लागि मागको आकृति फारम भरी पठाउन परिपत्र गरिएकोमा धनकुटा नगरपालिकाको च.नं ८८२ मिति २०७७/०६/१८ को पत्रबाट उक्त नगरपालिकामा पर्याप्त कर्मचारी भएको कारण खुलाई मागको आकृति फारम भरी नपठाउने जानकारी प्राप्त भएको। तर स्थानीय तहहरूले कर्मचारीको सेवा शर्त सम्बन्धी कानून निर्माण गर्दा अनिवार्य रूपमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने कानुनी प्रावधान विपरित आयोगको परामर्श विना नै धनकुटा नगरपालिका, धनकुटाले मिति २०७७/०४/३० मा कर्मचारी सेवा ऐन, २०७७ जारी गरी सोही कर्मचारी सेवा ऐन बमोजिम २०७८/०१/२० मा विज्ञापन नं. ०५/०७७/०७८ बाट अधिकृत छैटौं तहको पदको लागि खुला प्रतियोगितात्मक परीक्षा द्वारा स्थायी पदपूर्तिको लागि विज्ञापन गरी पदपूर्ति गर्नुका साथै विभिन्न समयमा अन्य पदहरूमा समेत खुला तथा वढुवा द्वारा पदपूर्ति गरेको व्यहोरा जानकारी हुन आएको छ।

उपरोक्त बमोजिमको पदपूर्ति गर्दा धनकुटा नगरपालिकाले नेपालको संविधान, प्रदेश लोक सेवा आयोग ऐन, २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून विपरित हुने गरी कार्य गरेको बुझिन आएको हुँदा सो सम्बन्धी भए गरेका निर्णय बदर गर्न आयोग बाध्य हुने अवस्था सृजना भएको तर्फ आयोगको गम्भिर ध्यानाकर्षण भएको छ।

**(झ) आयोगका पदाधिकारीको सेवा शर्त सम्बन्धमाः**

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ५ को उपदफा (२)मा अध्यक्ष र सदस्यहरूको सेवाको शर्त तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोमा आयोग गठन भएको करिब दुई वर्ष भई सक्दासम्म पदाधिकारीहरूको सेवाको शर्त नतोकिएकोले यस सम्बन्धमा माननीय मुख्यमन्त्री र श्रीमान प्रमुख सचिवसँग भएको छलफलबाट सो सम्बन्धमा आयोगबाट प्रस्ताव गरी पठाउन भनिए अनुसार मिति २०७८/३/१ गते बसेको आयोगको बैठकको निर्णयले आयोगका पदाधिकारीहरूको सेवा सुविधा एवम् सेवाका शर्तहरू प्रस्ताव गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएकोमा सो प्रस्ताव यो प्रतिवेदन तयार हुँदासम्म स्वीकृत भएर नआएको विषयप्रति यस प्रदेश लोक सेवा आयोग प्रदेश सरकारको ध्यान आकृष्ट गर्न चाहान्छ ।

## ९.२ सुझावहरूः

**(क) परामर्श लिनुपर्ने बिषयः**

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा १० को उपदफा (२) को खण्ड (क) मा प्रदेश निजामती सेवा, अन्य सरकारी सेवाको पद र स्थानीय सरकारी सेवाको पदमा ६ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा आयोगको अनिवार्य परामर्श लिनुपर्ने कानुनी प्रावधान रहेकोमा प्रदेश सरकारका केही मन्त्रालय तथा मातहतका निकायहरूमा सो बमोजिमको व्यवस्था भएको पाइएन (ध्यानाकर्षण बुँदा क र घ)। तसर्थ, अब उप्रान्त अस्थायी वा करारमा कार्यरत कर्मचारीहरू अति आवश्यक भए स्थायी दरबन्दी स्विकृत गरी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गरी पठाउन वा त्यस्ता कर्मचारीको सेवा ६ महिना भन्दा बढी आवश्यक नपर्ने भए त्यस्ता दरबन्दी खारेज गर्नु उपयुक्त हुने सुझाव दिन चाहान्छौ।

**(ख) स्थानीय तहको कर्मचारी सेवा ऐनः**

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को १० को उपदफा (२) को खण्ड (ख) मा प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा तथा स्थानीय सरकारी सेवाको कर्मचारी सेवा शर्त सम्बन्धी कानूनको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श अनिवार्य रुपमा लिनुपर्ने कानुनी व्यवस्था रहेकोमा केही स्थानीय तहहरूले यस आयोगको परामर्श नलिई कर्मचारी सेवा शर्त सम्बन्धी ऐन जारी गरी नियुक्ति बढुवा समेत गरेको (ध्यानाकर्षण बुँदा ग, छ र ज) पाइएको । यसरी आयोगको परामर्श नलिइ भए गरेका काम कारबाहीहरू प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ४५ र दफा ५२ बमोजिम बदर हुने र त्यसरी निर्माण गरिएको ऐन बमोजिम गरिएका सबै किसिमका नियुक्ति तथा बढुवा समेत रद्द हुने कानुनी व्यवस्था रहेको छ।

उपरोक्त बमोजिमको कानुनी व्यवस्था पालना गर्ने गराउने तर्फ प्रदेश सरकार र केही स्थानीय तहहरूले गम्भीरता नदेखाएकोले कर्मचारी प्रशासनमा अराजकता देखिएको छ। अतः यस विषयका सम्बन्धमा बिद्यमान सङ्घीय एवम् प्रादेशिक कानून पालना गरी सुशासन कायम गर्न आयोग सुझाव दिन चाहान्छ।

**(घ) रिक्त पद माग बारेः**

समायोजन ऐन २०७५ बमोजिम प्रदेशमा समायोजन भई आएका पदहरू मध्ये उल्लेख्य संख्या रिक्त रहि सेवा प्रवाहमा समस्या भइरहेको अवस्था एकातिर छ भने त्यस्ता पदहरूको पुर्ति गर्नको लागि माग फाराम भरी पठाउन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मिति २०७७/०५/२५ मा आयोगको तर्फबाट अनुरोध गरिएको भएतापनि प्रतिवेदन अवधिमा त्यस्ता माग फाराम आयोगमा प्राप्त भएका छैनन् (ध्यानाकर्षण बुँदा ख र च)। कर्मचारी समायोजन ऐन २०७५, प्रदेश लोक सेवा आयोग ऐन २०७६ तथा नेपाल सरकारको निजामती सेवा ऐन, २०४९ बमोजिम समावेशी एवम् खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट पदपूर्ति गर्न सकिने कानुनी व्यवस्था भएको हुदाँ यथाशक्य छिटो रिक्त पद माग गरी पठाउन सम्बन्धीत निकायहरूलाई सुझाव दिन चाहान्छौं।

**(ङ) प्रदेश निजामती सेवा ऐन जारी गर्ने बारेः**

कर्मचारी समायोजन ऐन २०७५ मा भएका व्यवस्था अनुसार सो ऐन र बिद्यमान निजामती सेवा ऐनका प्रावधानहरू अनुसार प्रदेश लोक सेवा आयोगले पदपूर्ति सम्बन्धी कार्य गर्न सक्ने व्यवस्था बमोजिम आयोगले कार्य सञ्चालन गरिरहेको छ। सोही दुई ऐनहरूमा भएका व्यवस्थाहरूलाई एकिकृत गरी प्रदेश निजामती सेवा ऐन जारी गर्न सक्ने स्थिती छ। अतः उपरोक्त बमोजिम प्रदेश निजामती सेवा ऐन जारी गर्ने तर्फ कार्य अघि बढाउन यो आयोग प्रदेश सरकारलाई सुझाव दिन चाहान्छ। प्रदेश निजामती सेवा ऐन जारी भएपछि त्यसका प्रावधानहरूमा टेकेर स्थानीय सरकारी सेवा ऐन जारी गर्न समेत सहज हुने व्यहोरा सुझाव दिन चाहान्छौ।

**(च) पदाधिकारीहरूको सेवा शर्त सम्बन्धीः**

प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा ५ को उपदफा (२) मा अध्यक्ष र सदस्यहरूको सेवा शर्त तोकिए बमोजिम हुनेछ भन्ने व्यवस्था भएको। आयोग गठन भएको करिब दुई वर्ष भई सक्दासम्म पदाधिकारीहरूको सेवा शर्त नतोकिएकोले यस सम्बन्धमा माननीय मुख्यमन्त्री र श्रीमान प्रमुख सचिवसँग भएको छलफलबाट सो सम्बन्धमा आयोगबाट प्रस्ताव गरी पठाउन भनिए अनुसार मिति २०७८/०३/०१ गते बसेको आयोगको बैठकको निर्णयले आयोगका पदाधिकारीहरूको सेवा सुविधा एवम् सेवाका शर्तहरू प्रस्ताव गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएकोमा सो प्रस्ताव यो प्रतिवेदन अवधिसम्म स्वीकृत भएर नआएकोले यस विषयमा यथाशक्य छिटो निर्णय हुन प्रदेश लोक सेवा आयोग प्रदेश सरकारबाट अपेक्षा गर्दछ।

## अनुसूची-१

# प्रदेश लोक सेवा आयोगको सम्बन्धमा हालसम्म भएका व्यवस्थाहरू

### १.१ नेपालको संविधानः

संविधानको भाग २३ धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी देहाय बमोजिमको व्यवस्था गरिएको छः

१ प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहनेछ।

२ प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

३ उपधारा (२) को प्रयोजनका लागि सङ्घीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्नेछ।

### १.२ प्रदेश लोक सेवा आयोग ऐन, २०७६ः

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ मा तोकिका व्यवस्थाहरू बमोजिम प्रदेश सभाले जारी गरेको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ बमोजिम प्रदेश लोक सेवा आयोगको गठन देहाय बमोजिम गर्ने व्यवस्था गरिएको छः

(१) प्रदेश लोक सेवा आयोगमा समावेशी सिद्धान्तका आधारमा कम्तिमा एक जना महिला हुने गरी अध्यक्ष सहित बढीमा तीन जना सदस्य रहने छन्।

(२) अध्यक्ष र सदस्यको नियुक्तिको लागि सिफारिस गर्न मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सभाको सभामूख र प्रदेश सभामा विपक्षी दलको नेता रहेको एक सिफारिस समिति रहनेछ र त्यस्तो समितिमा प्रदेश सरकारको प्रमुख सचिवले सचिव भई काम गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले समानुपातिक समावेशी सिद्धान्तका आधारमा अध्यक्ष र सदस्यको पदमा नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ।

(५) देहायको योग्यता भएको नेपाली नागरिक आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिका लागि योग्य हुनेछः

(क) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ग) अध्यक्षको हकमा पैंतालीस वर्ष र सदस्यको हकमा पैंतीस वर्ष उमेर पूरा भएको,

(घ) उच्च नैतिक चरित्र भएको।

(६) आयोगका सदस्यहरूमध्ये कम्तिमा एक जना सदस्य बीस वर्ष वा सोभन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानून, व्यवस्थापन, जनप्रशासन, समाजशास्त्र, राजनीतिशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्ययन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन्।

(७) अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्ष हुनेछ।

(८) आफ्नो कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा अध्यक्षले उच्च अदालतको मुख्य न्यायधीश समक्ष र सदस्यले अध्यक्ष समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा सपथ लिनुपर्नेछ।

(९) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै अवस्थामा प्रदेश लोक सेवा आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त हुनेछ।

(क) निजले प्रदेश प्रमुख समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा,

(ग) उपदफा (१४) बमोजिम पदमुक्त भएमा,

(घ) शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्यसम्पादन गर्न असमर्थ रहेको भनी प्रदेश सरकारले गठन गरेको मेडिकल बोर्डले दिएको सिफारिसको आधारमा उपदफा (२) बमोजिमको समितिको सिफारिसमा प्रदेश प्रमुखले पदमुक्त गरेमा,

(ङ) निजको मृत्यु भएमा,

(च) अन्य प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा।

(१०) संविधान र प्रचलित कानूनको गम्भिर उल्लङ्घन गरेमा, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारी पूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेको भनी प्रदेश सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको एक चौथाई सदस्यले अध्यक्ष वा सदस्य विरुद्ध आरोपको प्रस्ताव पेश गर्न सक्नेछन्।

(११) उपदफा (१०) बमोजिम प्रस्ताव पेश भएमा प्रदेश सभाको सभामुखले कार्यव्यवस्था परामर्श समितिको परामर्शमा पाँच सदस्यीय छानविन सिफारिस समिति गठन गर्न सक्नेछ।

(१२) उपदफा (१०) बमोजिम अध्यक्ष वा सदस्यलाई जुन कारणका आधारमा पदमुक्त गर्न निज

उपर प्रस्ताव पेश गरिएको हो सोही कारण र आधार खुलाई उपदफा (११) बमोजिमको समितिले आरोपपत्र तयार गरी अध्यक्ष वा सदस्यालई आफ्नो स्पष्टीकरण सहितको सफाई पेश गर्न मनासिव मौका दिई आरोपपत्र दिनु पर्नेछ।

(१३) उपदफा (१२) बमोजिमको समयावधि भित्र अध्यक्ष वा सदस्यले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण उपदफा (११) बमोजिमको समितिलाई मनासिव नलागेमा समितिले सोही बमोजिम मूल्याङ्कन गरी उपदफा (१०) बमोजिमको प्रस्ताव उपयुक्त भए वा नभएको निर्णय गर्नेछ।

(१४) उपदफा (११) बमोजिमको समितिले उपदफा (१३) बमोजिम पदमुक्त गर्ने भनी दिएमा सिफारिस सहितको प्रस्ताव प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले प्रस्ताव पारित गरेमा अध्यक्ष वा सदस्य पदबाट मुक्त हुनेछ।

(१५) उपदफा (१४) बमोजिम पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै सार्वजनिक पदमा नियुक्ति वा मनोनयन हुन सक्ने छैन।

दफा ६ प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारः

(क) प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको पदमा नियुक्तिको लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(ख) विभिन्न सेवाका लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षाको किसिम, पाठ्यक्रम तर्जुमा, परीक्षण विधि निर्धारण, विज्ञहरूको छनौट, प्रश्नपत्र निर्माण तथा परिमार्जन, परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा सङ्केत नम्बरको प्रयोग, उत्तर पुस्तिका परीक्षण, अन्तर्वार्ता सञ्चलन, नतिजा प्रकाशन र सिफारिस लगायतका काम कारबाही सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डका आधारमा कार्य गर्नेछ।

(ग) प्रदेश प्रहरी सेवा, शिक्षक सेवा लगायत प्रदेश अन्य सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिको लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(घ) प्रदेश प्रहरी सेवा, प्रदेश शिक्षक सेवा र प्रदेश अन्य सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(ङ) कुनै सङ्गठित संस्थाका सेवाका कर्मचारीहरूको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा बढुवा वा विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(च) प्रदेश सरकारबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श विना स्थायी नियुक्ति गरिने छैन।

(छ) आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगको अध्यक्ष वा कुनै सदस्य वा प्रदेश सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(ज) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## १.३ प्रदेश लोक सेवा आयोग नियमावली,२०७७

प्रदेश लोक सेवा आयोग ऐन,२०७६ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७७ साल असार २९ गते प्रदेश लोक सेवा आयोगले नियमावली निर्माण गरी राजपत्रमा प्रकाशन गरेको थियो ।प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पदपूर्तिको लागि माग र पदसंख्या निर्धारणदेखि लिएर सिफारिस सम्मको सम्पूर्ण प्रक्रिया यस बाट निर्देशित छ ।

नियमावलीमा भएका मुख्य मुख्य व्यवस्थाहरूः

३. पदपूर्तिको लागि माग गर्ने तरिका
४. पदसंख्या निर्धारण
५. प्रदेश प्रहरी सेवामा पदपूर्ति सम्बन्धी व्यवस्था
६. प्रदेश शिक्षक सेवा तथा सङ्गठित संस्थाको पदपूर्तिको लागि माग गर्ने तरीका
७. पाठ्यक्रम निर्माण
८. परीक्षण विधि
९. विज्ञापन सम्बन्धी व्यवस्था
१०. दरखास्त फाराम बुझाउने
११. उम्मेदवारको उमेर र योग्यताको गणना
१२. दरखास्त फाराम छानविन गर्ने
१३. परीक्षा प्रवेशपत्र सम्बन्धी व्यवस्था
१४. उम्मेदवारको नामावली प्रकाशन
१५. परीक्षा केन्द्र, स्थान र समय
१६. प्रश्नको निर्माण
१७. प्रश्नपत्रको परिमार्जन
१८. प्रश्नपत्रको भण्डारण तथा छपाई
१९. परीक्षा सञ्चालन
२०. उत्तर पुस्तिकामा संकेत (कोड) राख्ने
२१. उत्तर पुस्तिकाको परीक्षण
२२. उत्तर पुस्तिका रुजु गर्ने
२३. उत्तर पुस्तिकाको संपरीक्षण तथा पुनः परीक्षण
२४. सीप परीक्षण र प्रयोगात्मक परीक्षाको मूल्याङ्कन

२५. लिखित वा प्रयोगात्मक परीक्षाको नतिजा
२६. पुनर्योग
२७. अन्तर्वार्ता र अन्य चरणको परीक्षामा समावेश गराइने
२८. अन्तर्वार्ता समितिको गठन
२९. अन्तरर्वार्ताको मूल्याङ्कन सम्बन्धी व्यवस्था
३०. अग्रिम वा छुट अन्तर्वार्ता लिन सकिने
३१. अन्तर्वार्ता सम्बन्धी अन्य व्यवस्था
३२. अन्तिम नतिजाको लागि योग्यताक्रमको सूची प्रकाशन गर्ने
३३. एकमुष्ट योग्यताक्रमको सूची प्रकाशन गर्ने
३४. वैकल्पिक उम्मेदवारको सूची
३५. नियुक्तिको लागि सिफारिश गर्ने
३६. वैकल्पिक उम्मेदवार  नियुक्तिको लागि सिफारिश गर्ने
३७. अस्थायी उम्मेदवारको सूची प्रकाशन गर्ने
३८. अस्थायी  नियुक्तिको लागि सिफारिश गर्ने
३९. रद्द गर्न सक्ने
४०. विभागीय सजाय सम्बन्धमा आयोगको परामर्श लिँदा अपनाउनु पर्ने कार्यविधि
४१. सेवाको शर्त सम्बन्धी कानूनको विषयमा परामर्श माग गर्ने तरिका
४२. सेवा, समूह वा उप-समूह परिवर्तन गर्न परामर्श माग गर्ने तरिका
४३. सामान्य सिद्धान्तको विषयमा परामर्श सम्बन्धी व्यवस्था
४४. सामान्य सिद्धान्त निर्धारण
४५. आयोगले परामर्श दिने
४६. बढुवाको विज्ञापन
४७. आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको विज्ञापन
४८. दक्ष वा विज्ञ वा विशेषज्ञको सूची राख्ने
४९. कार्यतालिका बनाउने
५०. नक्कल दिनेसम्बन्धी कार्यविधि
५१. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था
५२. जानकारी दिनु पर्ने
५३. कागजात धुल्याउने व्यवस्था
५४. अन्य कार्यहरू
५५. अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने

## अनुसूची-२

# प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि,२०७७

प्रस्तावनाः आयोगको बैठक र बैठक सम्बन्धी काम कारबाहीहरूलाई अनुशासित, मर्यादित, व्यवस्थित एवम् सौहार्दपूर्ण वातावरणमा सञ्चालन गर्न प्रदेश लोक सेवा आयोग ऐन २०७६ को दफा १३ को उपदफा (६) मा भएको व्यवस्था बमोजिम सोही ऐनको दफा ६४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोग प्रदेश नं. १ विराटनगरले यो कार्यविधि बनाएको छ।

**१ संक्षिप्त नाम र प्रारम्भः**

१.१ संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

१.२ यो कार्यविधि आयोगको बैठकले स्वीकृत गरेको मिति देखी लागु हुनेछ ।

**२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले प्रदेश लोक सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले आयोगको बैठकको अध्यक्षता गर्ने सदस्यलाई समेत सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ र सो शब्दले कायम मुकायम सचिव वा निमित्त सचिव समेतलाई जनाउँछ।

**३ आयोगको बैठकः**

३.१ संविधान, प्रदेश लोक सेवा आयोग ऐन र अन्य प्रचलित कानुन बमोजिम आयोगले गर्नु पर्ने सबै काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ।

३.२ आयोगको तत्काल कायम रहेको सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ।

३.३ आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा आयोगका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

३.४ अध्यक्षको अनुपस्थितिमा अध्यक्षता गर्ने सदस्य र एकजना सदस्य उपस्थित भएमा आयोगको बैठक बस्न सक्नेछ। अनुपस्थित पदाधिकारीलाई बैठकको एजेण्डा जानकारी गराई आयोगले निर्णय लिन सक्नेछ ।

३.५ कुनै एक वा दुई पद रिक्त भइ अध्यक्ष वा सदस्य मात्रै भएको अवस्थामा अध्यक्ष वा सदस्यबाट भएको निर्णय आयोगबाट भएको निर्णय सरह मानिनेछ ।

३.६ आयोगबाट भएको निर्णय कार्यान्वयनका लागि सचिवले प्रमाणित गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

३.७ आयोगको बैठक सामान्यतया कम्तिमा हप्ताको एकपटक बस्नेछ । विगतका बैठकका निर्णयहरूको बारेमा समीक्षा गरी बैठकको कार्यसूचिमा छलफल हुनेछ ।

## ४ बैठक बस्ने स्थान र समय

बैठक प्रदेश लोक सेवा आयोगको कार्यालयमा तोकीएको समयमा बस्नेछ ।

## ५ छलफलको विषयः

५.१ आयोगको बैठक बोलाउँदा सो बैठकमा छलफल गरिने विषय (एजेण्डा) प्रष्ट रुपमा उल्लेख गरी बैठक बस्ने मिति भन्दा सामान्यतया १ दिन अगावै सचिवले सवै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

५.२ अध्यक्ष वा अध्यक्षता गर्ने सदस्यको निर्देशनमा सचिवले आयोगको बैठकको प्रस्ताव लिखित रुपमा तयार गर्नु पर्नेछ।

५.३ बैठकमा छलफलका लागि पेश गर्ने प्रस्ताव सम्बन्धी अन्य व्यवस्था प्रदेश दोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७७ बमोजिम हुनेछ ।

## ६ बैठक सञ्चालन प्रक्रिया :

६.१ बैठकको छलफल विषयसूचीका आधारमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ।तर विशेष परिस्थितिमा आयोगले विषयसूची मध्ये कुनै पनि प्रस्ताव माथि छलफल गर्न सक्नेछ।

६.२ बैठकको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ।

६.३ एक जना सदस्यले बोलिरहेको समयमा अन्य सदस्यहरूले बीचमा कुरा नकाटी सुन्नु पर्नेछ।

६.४ बैठकलाई सुव्यवस्थित गर्ने काम बैठकको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ र बैठकलाई मर्यादित बनाउने कर्तव्य अध्यक्ष र सदस्यहरूको हुनेछ।

**७ निर्णय सम्बन्धी व्यवस्था :**

७.१ प्रस्ताव माथि बोल्ने क्रम समाप्त भएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ।

७.२ आयोगको निर्णय सामान्यतया सर्वसम्मतिबाट हुनेछ। सर्वसम्मत हुन नसकेको अवस्थामा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

७.३ निर्णयको व्यहोरामा सहमत हुने अध्यक्ष/सदस्यले निर्णयको प्रत्येक पानामा दस्तखत गर्नु पर्नेछ। निर्णयमा असहमत हुने सदस्यले कारण सहित फरक मत जनाइ दस्तखत गर्नु पर्नेछ।

७.४ आयोगको निर्णय सचिवले प्रमाणित गरी कार्यान्वनका लागि सम्बन्धित निकाय वा आयोगको शाखा/ महाशाखामा पठाउनु पर्नेछ।

**८ दक्ष वा विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्ने सम्बन्धी व्यवस्थाः**

८.१ कुनै विषयमा विज्ञको राय परामर्श आवश्यक परेमा सम्बन्धित दक्ष वा विज्ञ वा विशेषज्ञलाई पनि आयोगको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

८.२ आयोगले तोकेको मिति र समयमा आयोगमा उपस्थित भई सत्य तथ्य जानकारी तथा राय परामर्श दिनु दक्ष वा विज्ञ वा विशेषज्ञको कर्तव्य हुनेछ।

**९ निर्णयको अभिलेखः**

सचिवले आयोगको बैठकबाट भएको निर्णयमा उपस्थित सदस्यको दस्तखत गराइ प्रमाणित गरी राख्नु पर्नेछ।

**१० बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परे आयोगले निर्णय गरी फुकाउन सक्नेछ।

**११ परिमार्जन तथा संशोधन गर्न सक्नेः**

यस कार्यविधिलाई आवश्यकता अनुसार आयोगले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

स्वीकृत मितिः २०७७/०७/१७

## अनुसूची-३

# प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचार संहिता, २०७७

प्रस्तावनाः प्रदेश लोक सेवा आयोगले आफ्नो कर्तव्य पालना गर्ने सिलसिलामा सम्पादन गर्ने सम्पूर्ण काम कारबाहीलाई प्रभावकारी र विश्वसनीय बनाई सुशासनको मूल्य र मान्यता अनुरूप स्वतन्त्र, निष्पक्ष एवम् वस्तुनिष्ठ वनाउनका लागि आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको पेशागत आचरणका सम्बन्धमा व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले यो आचार संहिता बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो आचारसंहिताको नाम "प्रदेश लोक सेवा आयोगका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूको आचार संहिता, २०७७" रहेको छ।

१.२ यो आचारसंहिता प्रदेश लोक सेवा आयोगबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,

२.१ "आयोग" भन्नाले संविधानको धारा २४४ बमोजिमको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्छ।

२.२ "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्यलाई सम्झनु पर्छ।

२.३ "दक्ष वा विज्ञ वा विशेषज्ञ" भन्नाले आयोगबाट सञ्चालन हुने परीक्षासँग सम्बन्धित पाठ्यक्रम निर्माण तथा शैक्षिक योग्यता निर्धारण, प्रश्नपत्र निर्माण र परिमार्जन, उत्तर पुस्तिका परीक्षण र अन्तर्वार्ता लगायतका विषयसँग सम्बन्धित ज्ञान तथा अनुभव भएको व्यक्ति सम्झनु पर्छ। सो शब्दले त्यस्तो विषयको ज्ञान भएको आयोगको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँछ।

२.४ "कर्मचारी" भन्नाले आयोगमा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ र सो शब्दले आयोगको काममा खटिएका वा परीक्षा सञ्चालन वा अन्य प्रयोजनका लागि खटिएका अन्य निकायका कर्मचारी वा व्यक्तिलाई समेत जनाउनेछ।

२.५ "नाता सम्बन्ध" भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा-छोरी, दाजु-भाइ, दिदी-बहिनी, भाउजू-बुहारी, आमाजू, नन्द, जेठाजु, देवर, जेठानी, देउरानी, काका-काकी, ठूलोबुबा-ठूलीआमा,

सानाबा-सानीआमा, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजु-ज्वाइँ, मामा-माइजू, फुपू-फुपाजू, जेठी सासू, साढु दाइ/भाई, साला-साली, छोरी-ज्वाइँ, छोरा-बुहारी, सम्धी-सम्धिनी, सासू-ससुरा, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा, सौतेनी बाबु समेत सम्झनु पर्छ ।

**३. आचारसंहिता लागू हुने पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञः**

देहायका पदाधिकारी, कर्मचारी एवम् दक्ष वा विज्ञ वा विशेषज्ञहरूका हकमा यो आचारसंहिता लागू हुनेछः

(क) आयोगका पदाधिकारीहरू,

(ख) दक्ष वा विज्ञ वा विशेषज्ञहरू

(ग) आयोगको कार्यालय र अन्तर्गतका कार्यालयहरूमा कार्यरत सम्पूर्ण कर्मचारीहरू,

(घ) आयोगबाट अधिकार पाएका पदाधिकारी वा अन्य निकायका कर्मचारीहरू,

(ङ) आयोगको तर्फबाट गरिने कार्यमा आयोगले खटाएका व्यक्तिहरू।

तर आयोगद्वारा करारमा नियुक्त व्यक्ति वा संस्था वा विशेषज्ञ वा सल्लाहकारको हकमा यस आचार संहिताका साथै करारमा उल्लेख भए बमोजिम हुनेछ।

**४. दक्ष वा विज्ञ वा विशेषज्ञले पालना गर्नुपर्ने आचरणः**

४.१ प्रश्नपत्र निर्माण गर्ने दक्ष वा विज्ञ वा विशेषज्ञले पालना गर्नुपर्ने आचरणः

४.१.१ प्रश्नपत्र निर्माण गर्दा गोप्य रूपमा गर्नुपर्नेछ।

४.१.२ कुन पद,तह वा विषयको प्रश्नपत्र निर्माण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न हुँदैन।

४.१.३ प्रश्नपत्र निर्माण गर्दा बनाएको टिप्पणी एवम् खेस्रा नष्ट गर्नुपर्नेछ।

४.१.४ प्रश्नपत्र निर्माणकर्ताले आफूले बनाएको प्रश्नपत्रको प्रतिलिपि आफुसँग राख्न हुँदैन।

४.१.५ जुन पदको प्रश्नपत्र निर्माण गर्न दिइएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको वा उम्मेदवार भएको जानकारी हुन आएको अवस्थामा प्रश्नपत्र निर्माणको कार्यमा संलग्न हुनु हुँदैन।

४.१.६ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन।

४.२ प्रश्नपत्र परिमार्जन गर्ने दक्ष वा विज्ञ वा विशेषज्ञले पालना गर्नुपर्ने आचरणः

४.२.१ प्रश्नपत्र परिमार्जन गर्दा गोप्य रूपमा गर्नुपर्नेछ।

४.२.२ कुन पद वा विषयको प्रश्नपत्र परिमार्जन गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न हुँदैन।

४.२.३ प्रश्नपत्र परिमार्जन गर्दा बनाएको टिप्पणी एवम् खेस्रा नष्ट गर्नुपर्नेछ।

४.२.४ प्रश्नपत्र परिमार्जनकर्ताले आफुले परिमार्जन गरेको प्रश्नपत्रको प्रतिलिपि बनाउन हुदैन।

४.२.५ जुन पदको प्रश्नपत्र परिमार्जन गर्ने हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको वा उम्मेदवार भएको जानकारी हुन आएको अवस्थामा प्रश्नपत्र परिमार्जनको कार्यमा संलग्न हुनु हुँदैन।

४.२.६ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन।

४.३ उत्तर पुस्तिका परीक्षण गर्ने दक्ष वा विज्ञ वा विशेषज्ञले पालना गर्नुपर्ने आचरणः

४.३.१ जुन पद वा विषयको उत्तर पुस्तिका परीक्षण गर्न दिएको हो सो कुरा कसैलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्त गर्न हुँदैन।

४.३.२ जुन पदको उत्तर पुस्तिका परीक्षण गर्न दिइएको हो सो पदको परीक्षामा आफ्नो नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएको वा उम्मेदवार भएको जानकारी हुन आएको अवस्थामा उत्तर पुस्तिका परीक्षण गर्न हुँदैन।

४.३.३ उत्तर पुस्तिका परीक्षण गर्दा प्रदान गरिएको अङ्क कहीं कतै व्यक्त गर्नु हुँदैन।

४.३.४ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन।

४.४ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्ताकर्ताले पालना गर्नुपर्ने आचरणः

४.४.१ नाता सम्बन्ध भएका व्यक्ति उम्मेदवार भएमा सो समूहको प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा सहभागी हुनु हुँदैन।

४.४.२ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्ता हुनुभन्दा अघि त्यस्तो परीक्षामा आफु संलग्न हुने कुरा कहीं कतै व्यक्त गर्न हुदैन।

४.४.३ प्रयोगात्मक परीक्षा/सामूहिक छलफल/सीप परीक्षण र अन्तर्वार्तामा अङ्क प्रदान गरेको कुरा कहीं कतै व्यक्त गर्न हुदैन।

४.४.४ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षा सञ्चालन, संयोजन तथा अध्यापन कार्यमा संलग्न हुनु हुदैन।

४.५ बढुवा समितिमा तोकिएका दक्ष वा विज्ञ वा विशेषज्ञले पालना गर्नुपर्ने आचरणः

४.५.१ बढुवा समितिको बैठक बस्नु भन्दा अघि कुन पदको बढुवामा भाग लिने हो सो कुरा कहीँ कतै व्यक्त गर्नु हुदैन।

४.५.२ बढुवा समितिको बैठकमा के के विषयमा छलफल भयो र सो विषयमा क—कस्ले के के राय दिए सो व्यक्त गर्नु हुदैन।

४.५.३ उम्मेदरवारले कार्यसम्पादन मूल्याङ्कनमा प्राप्त गरेको अङ्क कहीँ कतै व्यक्त गर्नु हुदैन।

**५. स्वतन्त्रता, निष्पक्षता, गोपनियता र समानता सम्बन्धी आचरणहरूः**

५.१ आयोगका पदाधिकारी एवम् कर्मचारीले आयोगको संस्थागत एवम् कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न हरसम्भव प्रयत्नशील रहनु पर्दछ।

५.२ आयोगको परीक्षासँग सम्बन्धित काममा गोपनियता कायम गर्नुपर्नेछ।

५.३ आयोगका पदाधिकारी एवम् कर्मचारीले आयोगको कार्य सम्पादन गर्दा वा पदीय कर्तव्य तथा दायित्व निर्वाह गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरूपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कानूनको सही रूपमा प्रयोग गरी कार्य सम्पादन गर्नु पर्दछ।

५.४ आयोगका पदाधिकारी एवम् कर्मचारीले आफ्नो पदीय कर्तव्य पूरा गर्दा स्वतन्त्रतापूर्वक कानून बमोजिम कार्य गर्नु पर्दछ र आयोगका अन्य पदाधिकारी एवम् कर्मचारीहरूलाई पनि स्वतन्त्रतापूर्वक कार्य गर्न सक्ने सहज वातावरण प्रदान गर्नु पर्दछ। कुनै कार्य खास तरिकाले गर्न वा नगर्न मातहतको कर्मचारीलाई कुनै प्रकारको हस्तक्षेप गर्न वा अनुचित प्रभाव पार्न वा दबाब दिन हुँदैन।

तर, यस दफाले,

(क) कानून बमोजिम निर्देशन दिन वा आदेश दिनलाई बाधा पुर्‍याएको मानिने छैन,

(ख) आयोगको कामको निष्पक्षताका लागि दक्ष वा विज्ञ वा विशेषज्ञ वा आफ्नो मातहतको कर्मचारीसंग सो काममा सहयोग पुग्ने वा सतर्कता अपनाउने उद्देश्यले गरिने छलफल वा रायलाई अनुचित प्रभाव पार्न दवाब दिएको मानिने छैन, र

(ग) पदाधिकारी वा कर्मचारीले आफ्नो सहायकलाई आवश्यक निर्देशन दिई काम लगाउनमा बाधा पुर्‍याएको मानिने छैन।

५.५ आयोगका पदाधिकारी एवम् कर्मचारीले कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी राष्ट्र र जनताको बृहत्तर हितलाई प्राथमिकता दिई आफ्नो पदीय कर्तव्यको पालना गर्नु पर्दछ।

५.६ आयोगका पदाधिकारी एवम् कर्मचारीले सेवाग्राहीहरू प्रति र एक—आपसमा समेत सम्मानजनक र मानवीय व्यवहार गर्नु पर्दछ।

५.७ आयोगका पदाधिकारी एवम् कर्मचारीले आयोगको काम कारबाहीमा असर पर्ने गरी वा आयोगको निष्पक्षता, गोपनियता वा विश्वसनीयतामा आँच पुग्ने गरी जाना-जान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रूपमा अभिव्यक्ति दिनु हुँदैन।

५.८ आयोगप्रतिको जनविश्वास अभिवृद्धि गर्न आयोगका पदाधिकारी एवम् कर्मचारीले आफ्नो व्यवसायिक तथा निजी जीवनमा उच्चस्तरको आचरण प्रर्दशन गरी समाजमा उदाहरणीय रूपमा प्रस्तुत हुने प्रयास गर्नु पर्दछ।

## ६. सदाचार र अनुशासन सम्बन्धी आचरणहरूः

६.१ आयोगका पदाधिकारी एवम् कर्मचारीहरूले देहायका कार्यहरू गर्नुपर्नेछः

६.१.१ आफूले सार्वजनिक संस्थालाई तिर्नुपर्ने, फछ्यौट गर्नुपर्ने वा बुझाउनु पर्ने रकम, कर दस्तुर, दण्ड जरिवाना वा महसुल कानून बमोजिम बुझाउनु पर्दछ,

६.१.२ आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य एवम् मान्यता प्रति सदा समर्पित भइरहनु पर्दछ।

६.१.३ आयोगको परीक्षा सम्बन्धी कार्य लगायतका अन्य पदीय कर्तव्य पालना गर्दा विना पूर्वाग्रह गोपनियता, इमान्दारिता तथा दक्षताका साथ गर्नुपर्नेछ।

६.१.४ आयोगको अधिकारप्राप्त पदाधिकारी वा आयोगको काममा संलग्न दक्ष वा विज्ञ वा विशेषज्ञ र कर्मचारीबाट भएका काम कारबाहीको निष्पक्षता र गोपनियतामा असर पर्ने कुनै कार्य भएको छ भन्ने जानकारी प्राप्त भएमा आयोगलाई त्यसको जानकारी दिनु पर्नेछ।

६.१.५ पोशाक भत्ता लिने राष्ट्रसेवकले तोकिए बमोजिमको पोशाक लगाउनु पर्नेछ।

६.२ आयोगका पदाधिकारी एवम् कर्मचारीहरूले देहायका कार्यहरू गर्न वाधा पर्ने छैनः

६.२.१ आयोगद्वारा सञ्चालन हुने परीक्षाको पूर्व तयारी कक्षाको सञ्चालन, संयोजन तथा अध्यापनको कार्यबाहेक आयोगको काम कारबाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श र प्रवचन दिन वा परीक्षा सम्बन्धी सम्बन्धित कार्यमा संलग्न हुन तथा अध्ययन, अनुसन्धान र अध्यापन गर्न सकिनेछ।

६.२.२ साहित्य, कला, संस्कृति, खेलकुद, शिक्षा, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन सम्बन्धी र पेशागत एवम् सामाजिक संस्थाहरूमा सदस्य हुन र त्यस्ता मञ्चहरूमा सहभागी हुन सकिनेछ।

६.२.३ राजनैतिक दल र सो सँग सम्बद्ध भातृ सङ्गठन बाहेक पेशागत संघ संस्थाहरूले आयोजना गरेको सभा, गोष्ठी आदिमा कार्यालयको काममा बाधा नपर्ने गरी सहभागी हुन सकिनेछ।

६.२.४ आयोगले गोप्य राख्नु पर्ने प्रकृतिका विषयहरू बाहेक आयोगको उद्देश्य नीति कार्यक्रमका सम्बन्धमा प्रतिकुल असर नपर्ने खालका लेख, रचना प्रकाशन गर्न सकिनेछ।

६.२.५ कानून बमोजिम स्थापित बैंकिङ्ग एवम् वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरूले सार्वजनिक रूपमा जारी गरेको ऋण पत्र, वचत पत्र, शेयर खरिद विक्रीगर्न वा लाभांश लिन सकिनेछ।

६.२.६ सबैको लागि खुला गरिएको प्रतिस्पर्धामा सहभागी भै पुरस्कार, पदक, प्रमाणपत्र एवम् सम्मान ग्रहण गर्न सकिनेछ।

६.२.७ नेपाल सरकार वा प्रदेश सरकार वा वैदेशिक संस्था वा कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम, समारोह, भोज भतेर वा रिसेप्सनमा भाग लिन सकिनेछ।

६.३ आयोगका पदाधिकारी एवम् कर्मचारीहरूले देहायका कार्यहरू गर्न हुँदैनः

६.३.१ आयोगको सहमति विना आयोगको तर्फवाट कुनै प्रकारको अनधिकृत प्रतिबद्धता वा प्रतिज्ञा गर्न हुँदैन।

६.३.२ आयोगका पदाधिकारी एवम् कर्मचारीले कर्तव्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा व्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रूपवाट प्रकाशन गर्नु हुँदैन।

६.३.३ आफू र आफनो आफन्त वा आफ्नो निकटका नातेदार वा व्यक्तिहरूसँग सम्बन्धित कुनै काम गराउन वा नगराउन आफू कार्यरत वा अन्य निकायका पदाधिकारीलाई दवाव दिन वा अनुचित प्रभाव पार्न लगाउन हुँदैन।

६.३.४ आयोगका अन्य पदाधिकारी वा कर्मचारीले गरिरहेका गोपनियता कायम गर्नुपर्ने काम कारबाहीका विषयहरूमा अनावश्यक रूपमा खोजीनिती गर्न वा चासो लिन हुँदैन।

६.३.५ आयोगका कर्मचारीले आफूलाई तोकिएको शाखा वा जिम्मेवारी बाहेक अन्य शाखा वा तिनमा सम्पादन भइरहेको काममा वाधा पर्ने गरी प्रवेश गर्नु हुँदैन।

६.३.६ कार्यालय सम्बन्धी गोप्य कार्यमा संलग्न रहँदाका बखत आयोगका पदाधिकारी, दक्ष वा विज्ञ वा विशेषज्ञ र कर्मचारीहरूले मोवाइल फोन, इमेल/इन्टरनेट एवम् सामाजिक सञ्जालको प्रयोग गर्नु हुँदैन।

## ७. उपहार तथा कोसेली ग्रहण गर्न नहुनेः

७.१ आयोगका पदाधिकारी एवम् कर्मचारीले कुनै पनि परीक्षार्थीबाट वा आयोगसँग आर्थिक कारोवार गरिरहेको वा आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित व्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोसेली ग्रहण वा स्वीकार गर्नु हुँदैन।

तर, विशुद्ध पारिवारिक सम्बन्ध र व्यक्तिगत मित्रताको आधारमा प्रदान गरिएको दान, दातव्य, ऋण, उपहार वा कोसेली लिन सकिने छ।

७.२ आयोगका पदाधिकारीले कर्मचारीबाट र माथिल्लो तहका कर्मचारीले आफू मातहतका निकाय वा अन्तर्गतका निकायका कर्मचारीबाट कुनै किसिमको उपहार तथा कोसेली ग्रहण गर्न हुँदैन।

## ८. पदको दुरूपयोग गर्न नहुनेः

८.१ आयोगका पदाधिकारी एवम् कर्मचारीले आफ्नो ओहोदा एवम् अख्तियारी आफू वा आफ्नो परिवार वा कसैको अनुचित लाभ पुग्ने गरी प्रयोग गर्न हुँदैन।

८.२ आयोगका पदाधिकारी एवम् कर्मचारीले आयोगको सम्पत्ति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउँदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा प्रयोग गर्न हुँदैन।

## ९. गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन नहुने तथा अन्यत्रको रोजगारी स्वीकार्न नहुनेः

९.१ आयोगका पदाधिकारी एवम् कर्मचारीले दफा ६.२.२ मा उल्लेख भएकोमा बाहेक अन्य कुनै गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन वा त्यस्तो संस्थाको अनुचित वा गैरकानुनी कृयाकलापमा संलग्न हुन हुँदैन।

९.२ आयोगका पदाधिकारी एवम् कर्मचारीले प्रचलित कानून बमोजिम बाहेक बाह्य रोजगारी स्वीकार गर्न हुँदैन।

९.३ आयोगका पदाधिकारी एवम् कर्मचारीले कुनै राजनैतिक दल वा त्यस्तो दलसित आबद्ध कुनै संघ/ संस्थाको सदस्यता ग्रहण गर्न हुँदैन।

## १०. नाता सम्बन्ध भएका व्यक्ति संलग्न रहेको विषयको काम कारबाही सम्बन्धमाः

१०.१ कुनै परीक्षामा आफ्नो कुनै नाता सम्बन्ध रहेको व्यक्ति उम्मेदवार रहेको जानकारी पाएको अवस्थामा जानकारी हुनसाथ आयोगमा सोको लिखित जानकारी गराउनु पर्दछ। आयोगका पदाधिकारी एवम् कर्मचारीले आफ्नो नाता सम्बन्ध भएका व्यक्ति आयोगको परीक्षामा उम्मेदवार भएमा निष्पक्षता एवम् गोपनियता कायम गर्नुपर्ने देहायको कार्य वा निर्णय प्रकृयामा संलग्न हुनु हुँदैनः

१०.१.१ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षा केन्द्रमा जानीजानी नखटिने।

१०.१.२ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको उत्तर पुस्तिकामा संकेत नं. राख्ने कार्यमा संलग्न नहुने।

१०.१.३ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र छपाइमा संलग्न नहुने।

१०.१.४ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको प्रश्नपत्र निर्माण, प्रश्नपत्र परिमार्जन र उत्तर पुस्तिका परीक्षण गर्न पठाउने कार्यमा संलग्न नहुने।

१०.१.५ त्यस्तो व्यक्ति उम्मेदवार भएको परीक्षाको लिखित/प्रयोगात्मक/अन्तिम नतिजा प्रकाशन गर्ने कार्यमा संलग्न नहुने।

१०.१.६ लिखित परीक्षाको नतिजा प्रकाशन कार्यमा संलग्न हुने कर्मचारीले सो पदको अन्तर्वार्तामा संलग्न नहुने।

१०.२ निष्पक्षता र गोपनियता कायम गर्नुपर्ने कार्यमा संलग्न हुँदै जादा नाता सम्बन्ध भित्रको व्यक्ति देखिन आएमा तत्काल सोको सूचना आफुभन्दा माथिल्लो तहका कर्मचारीलाई दिई सो कार्यबाट अलग हुनु पर्दछ।

**११. आचार संहिताको अनुगमनः**

यो आचार संहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारीबाट गरिनेछः

(क) आयोगको अध्यक्षको हकमा आयोगबाट,

(ख) आयोगको सदस्य वा अधिकृत एघारौं तह वा राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा माथिका कर्मचारीको हकमा अध्यक्ष वा अध्यक्षले तोकेको सदस्यबाट,

(ग) अन्य कर्मचारीको हकमा आयोगका सचिव वा निजले तोकेको अधिकृतबाट।

१२. विविध

१२.१ यो आचार संहिता पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भएमा कर्मचारीहरूले आयोगका सचिव समक्ष र सचिव तथा पदाधिकारीहरूले आयोग समक्ष परामर्श गरी निकासा भए बमोजिम गर्नु पर्दछ।

१२.२ यस आचार संहिताको पालना गर्ने गराउने क्रममा कुनै विशेष परिस्थिति आइपरेमा वा कुनै वाधा अड्चन परेमा आयोगले तत्सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

१२.३ आयोगले समय समयमा आवश्यकता अनुसार यस आचार संहितामा संशोधन गर्न सक्नेछ।

# अनुसूची-४

## आयोगको प्रस्तावित सङ्गठन संरचना

प्रदेश लोक सेवा आयोग
प्रदेश नं. १, विराटनगर, नेपाल
संगठन संरचना



अनुसूची-५

प्रदेश लोक सेवा आयोग

**प्रदेश लोक सेवा आयोग**

# अस्थायी संगठन संरचना



अनुसूची-५ (दोश्रो पाना)

## अस्थायी दरबन्दी तेरिज

## प्रदेश लोक सेवा आयोग

| क्रसं | पदनाम श्रेणी तह | तह | सेवा (समूह) | समूह | उपसमूह | मौजुदा संख्या | प्रस्तावित दरबन्दी | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा प प्रथम | प्रशासन | सामान्य प्रशासन | | ० | १ | सङ्घीय सेवा, संघीय सरकार समक्ष अनुरोध गर्ने |
| २ | वरिष्ठ अधिकृत | ९/१० | प्रशासन | सामान्य प्रशासन | | ० | १ | |
| ३ | शाखा अधिकृत | ७/८ | प्रशासन | सामान्य प्रशासन | | ० | ३ | |
| ४ | कानून अधिकृत | ७/८ | न्याय | कानून | | ० | १ | |
| ५ | अधिकृत (प्रशासन) | ६ | प्रशासन | सामान्य प्रशासन | | ० | ४ | |
| ६ | अधिकृत (लेखा) | ६ | प्रशासन | लेखा | | ० | १ | |
| ७ | अधिकृत (कम्प्युटर) | ६ | विविध | | | ० | १ | |
| ८ | सहायक | ५ | प्रशासन | सामान्य प्रशासन | | ० | ३ | |
| ९ | ह स चा | तहविहीन | | | | ० | ४ | |
| १० | कार्यालय सहयोगी | तहविहीन | | | | ० | ४ | |
| जम्मा | | | | | | ० | २३ | |

मुकुन्द प्रसाद निरौला
सचिव

प्रमुख सचिव

# अनुसूची-६

## आ.व. ०७८/०७९ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

**अनुसूची -२**
**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**
**वार्षिक कार्यतालिका**
**(सहायकस्तर तथा अधिकृतस्तर तहका पदहरुको पदपूर्ति कार्यतालिका**

| सि.नं | तह | पदपूर्तिको किसिम | | प्रतिशत निर्धारण | विज्ञापन/सूचना प्रकाशन | परीक्षा सञ्चालन | लि.प. नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|---|
| क) | आ.ब. २०७७/७८ का विज्ञापनहरुको बाँकी पदपूर्ति कार्यक्रम | | | | | | | |
| १ | स्थानीय सरकारी सेवाका इन्जिनियरिङ्ग सेवा तर्फ सहायक चौथो र पाचौं तहका प्राविधिक पदहरू | बढुवा | | | | | | |
| | | खुला, आप्र | | | | साउन | भदौ | असोज |
| २ | स्थानीय सरकारी सेवाका सहायक चौथो र पाचौं तहका बाँकी प्राविधिक पदहरू | बढुवा | | | साउन पहिलो सोमबार | | | |
| | | खुला, आप्र | | | | भदौ/असोज | कार्तिक | मंसिर |
| ख) | आ.ब. २०७८/७९ का पदपूर्ति कार्यक्रम | | | | | | | |
| ३ | स्थानीय सरकारी सेवाका सहायक चौथो तथा पाचौं तहका अप्राविधिक पदहरू (महिला विकास समेत) | बढुवा | | साउन | भदौ पहिलो सोमबार | | | |
| | | आप्र | | | | पुस | माघ | फागुन |
| | | खुला | प्रथम चरण | | | असोज/कार्तिक | मंसिर | |
| | | | द्वितीय चरण | | | पुस | माघ | फागुन |
| ४ | स्थानीय सरकारी सेवाका छैटौं, सातौं र आठौं तहका प्राविधिक पदहरू | बढुवा | | भाद्र | असोज पहिलो सोमबार | | | |
| | | आप्र | | | | माघ/फागुन | फागुन/चैत | बैशाख |
| | | खुला | प्रथम चरण | | | मंसिर | पुष | |
| | | | द्वितीय चरण | | | माघ/फागुन | फागुन/चैत | बैशाख |
| ५ | स्थानीय सरकारी सेवाका छैटौं, सातौं र आठौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा समेत) | बढुवा | | असोज | कार्तिक पहिलो सोमबार | | | |
| | | आप्र | | | | फागुन/चैत | बैशाख | जेठ |
| | | खुला | प्रथम चरण | | | पुस | माघ | |
| | | | द्वितीय चरण | | | फागुन/चैत | बैशाख | जेठ |
| ६ | स्थानीय सरकारी सेवाका नवौं तहका प्राविधिक पदहरू | बढुवा | | कार्तिक | मंसिर पहिलो सोमबार | | | |
| | | खुला, आप्र | | | | माघ/फागुन | चैत | बैशाख |
| ७ | स्थानीय सरकारी सेवाका नवौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा समेत) | बढुवा | | कार्तिक | मंसिर पहिलो सोमबार | | | |
| | | खुला, आप्र | | | | माघ/फागुन | चैत | बैशाख |
| ८ | प्रदेश निजामती सेवाका चौथो र पाचौं तहका प्राविधिक पदहरू | बढुवा | | मंसिर | पुस पहिलो सोमबार | | | |
| | | खुला, आप्र | | | | चैत | बैशाख | जेठ |
| ९ | प्रदेश निजामती सेवाका चौथो र पाचौं तहका अप्राविधिक पदहरू (महिला विकास समेत) | बढुवा | | पुस | माघ पहिलो सोमबार | | | |
| | | आप्र | | | | जेठ | असार | असार |
| | | खुला | प्रथम चरण | | | चैत | बैशाख | |
| | | | द्वितीय चरण | | | जेठ | असार | असार |
| १० | प्रदेश निजामती सेवाका छैटौं र सातौं तहका प्राविधिक पदहरू | बढुवा | | माघ | फागुन पहिलो सोमबार | | | |
| | | आप्र | | | | जेठ | असार | श्रावण |
| | | खुला | प्रथम चरण | | | बैशाख | बैशाख | |
| | | | द्वितीय चरण | | | जेठ | असार | श्रावण |
| ११ | प्रदेश निजामती सेवाका छैटौं र सातौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा समेत) | बढुवा | | फागुन | चैत पहिलो सोमबार | | | |
| | | आप्र | | | | जेठ | असार | श्रावण |
| | | खुला | प्रथम चरण | | | बैशाख | जेठ | |
| | | | द्वितीय चरण | | | जेठ | असार | श्रावण |
| १२ | प्रदेश निजामती सेवाका नवौं तहका प्राविधिक पदहरू | बढुवा | | बैशाख | बैशाख पहिलो सोमबार | | | |
| | | खुला, आप्र | | | | जेठ | जेठ | असार |
| १३ | प्रदेश निजामती सेवाका नवौं तहका अप्राविधिक पदहरू (विविध र शिक्षा सेवा समेत) | बढुवा | | बैशाख | बैशाख पहिलो सोमबार | | | |
| | | खुला, आप्र | | | | जेठ | जेठ | असार |
| १४ | स्थानीय सरकारी सेवाका सहायक चौथो र पाचौं तहका प्राविधिक पदहरू | बढुवा | | जेठ | असार पहिलो सोमबार | | | |
| | | खुला, आप्र | | | | साउन | भदौ | असोज |

द्रस्टव्यः-

१. कोभिड-१९ महामारीका कारण स्थिति सामान्य हुन नसकेको अवस्थामा कार्यतालिकामा उल्लिखित समायावधि पुनरावलोकन गरिनेछ।

२. प्रदेश तथा स्थानीय सरकारबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुने छैन।

## अनुसूची-७ (क)

**स्थानीय सरकारी सेवा अन्तर्गतका आ.व. २०७७/०७८ मा प्रकाशित विज्ञापनको विस्तृत विवरण**

# प्रदेश लोक सेवा आयोग

प्रदेश नं. १, विराटनगर, नेपाल
(सूचना सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

**स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूहका प्राविधिक तर्फका पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन**

सूचना नं. ०१/२०७७-७८

स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उप-समूह तथा तहका पदहरूमा आ.प्र, खुला तथा समावेशी पदहरूमा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पूगेका उम्मेदवारहरूले आयोगको वेवसाइट psc.p1.gov.np बाट दरखास्त फाराम DOWNLOAD गरी आवश्यक शैक्षिक योग्यता लगायतका कागजातहरू फाइलमा राखी फाइलको आवरणमा सबै विवरण खुलाई तोकिएको राजश्व खातामा राजश्व बुझाएको सक्कल भौचरसहित तोकिएको स्थानमा आवेदन फाराम दर्ता गराउनु पर्नेछ । प्रतियोगितात्मक परीक्षाबाट छनौट भएका उम्मेदवारहरूको रोजाई प्राथमिकताक्रम अनुसार स्थानीय तह तोकी सिफारिस गरिनेछ । यसरी सिफारिस भएका उम्मेदवारलाई सम्बन्धित स्थानीय तहले नै स्थायी नियुक्ति दिनेछन्। सेवाका सर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

१) प्राविधिक

| क्र.स. | वि.न. | किसिम | पद | तह | सेवा | समूह | उप समूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/०७७-७८ | आ.प्र. | असिस्टेण्ट सब इन्जिनियर (अ.स.इ.) | ४ | इन्जिनियरिङ | सिभिल | | ९ | छथरजोरपाटी गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | | मेन्छयायेम गाउँपालिका, तेह्रथुम | १ |
| | | | | | | | | | खाँदवारी नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | | मादी नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | | साल्पासिलिछो गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | | जन्तेढुङ्गा गाउँपालिका, खोटाङ्ग | १ |
| | | | | | | | | | थुलुङदुधकोशी गाउँपालिका, सोलुखुम्बु | १ |
| | | | | | | | | | फक्ताङलुङ्ग गाउँपालिका, ताप्लेजुङ्ग | १ |
| | | | | | | | | | मिक्लाजुङ्ग गाउँपालिका, पाँचथर | १ |

| क्र.स. | वि.न. | किसिम | पद | तह | सेवा | समूह | उप समूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ०२/०७७-७८ | खुला | असिस्टेण्ट सब इन्जिनियर (अ.स.इ.) | ४ | इन्जिनियरिङ | सिभिल | | २५ | सिदिङ्गवा गाउँपालिका, ताप्लेजुङ्ग | १ |
| | | | | | | | | | मेन्छयायेम गाउँपालिका, तेह्रथुम | २ |
| | | | | | | | | | जन्तेढुङ्गा गाउँपालिका, खोटाङ्ग | २ |
| | | | | | | | | | साल्पा सिलिछो गाउँपालिका, भोजपुर | २ |
| | | | | | | | | | कटारी  नगरपालिका, उदयपुर | १ |
| | | | | | | | | | थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु | २ |
| | | | | | | | | | मिक्लाजुङ गाउँपालिका, पाँचथर | २ |
| | | | | | | | | | शहिदभूमी गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | | मादी नगरपालिका, संखुवासभा | २ |
| | | | | | | | | | छथरजोरपाटी गाउँपालिका, धनकुटा | २ |
| | | | | | | | | | खाँदवारी नगरपालिका, संखुवासभा | २ |
| | | | | | | | | | पाँचखपन नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | | फक्ताङ्लुङ गाउँपालिका, ताप्लेजुङ | २ |
| | | | | | | | | | याङवरक गाउँपालिका, पाँचथर | १ |
| | | | | | | | | | आम्चोक गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ | १ |
| ३ | ०३/०७७-७८ | महिला | असिस्टेण्ट सब इन्जिनियर (अ.स.इ.) | ४ | इन्जिनियरिङ | सिभिल | | ११ | मेन्छयायेम गाउँपालिका, तेह्रथुम | १ |
| | | | | | | | | | जन्तेढुङ्गा गाउँपालिका, खोटाङ्ग | १ |
| | | | | | | | | | साल्पा सिलिछो गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | | कटारी  नगरपालिका, उदयपुर | १ |
| | | | | | | | | | थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बु | १ |
| | | | | | | | | | मिक्लाजुङ गाउँपालिका, पाँचथर | १ |
| | | | | | | | | | शहिदभूमी गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | | मादी नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | | छथरजोरपाटी गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | | खाँदवारी नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | | फक्ताङ्लुङ गाउँपालिका, ताप्लेजुङ | १ |
| ४ | ०४/०७७-७८ | आ.ज. | असिस्टेण्ट सब इन्जिनियर (अ.स.इ.) | ४ | इन्जिनियरिङ | सिभिल | | ४ | मेन्छयायेम गाउँपालिका, तेह्रथुम | १ |
| | | | | | | | | | साल्पा सिलिछो गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | | मिक्लाजुङ गाउँपालिका, पाँचथर | १ |
| | | | | | | | | | साकेला गाउँपालिका, खोटाङ | १ |
| ५ | ०५/०७७-७८ | मधेसी | असिस्टेण्ट सब इन्जिनियर (अ.स.इ.) | ४ | इन्जिनियरिङ | सिभिल | | १ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ | १ |

| क्र.स. | वि.न. | किसिम | पद | तह | सेवा | समूह | उप समूह | जम्मा पद संख्या | स्थानीय तह | माग पद |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | ०६/०७७-७८ | खुला | सब इन्जिनियर (स.इ.) | ५ | इन्जिनियरिङ | सिभिल | | २२ | दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ | १ |
| | | | | | | | | | आम्चोक गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | | याङवरक गाउँपालिका, पाँचथर | १ |
| | | | | | | | | | फक्ताङ्लुङ गाउँपालिका, ताप्लेजुङ | १ |
| | | | | | | | | | पाँचखपन नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | | खाँदवारी नगरपालिका, संखुवासभा | २ |
| | | | | | | | | | हतुवागढी गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | | छथरजोरपाटी गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | | भद्रपुर नगरपालिका, झापा | १ |
| | | | | | | | | | दुहवी नगरपालिका, सुनसरी | २ |
| | | | | | | | | | मादी नगरपालिका, संखुवासभा | १ |
| | | | | | | | | | शहिदभूमी गाउँपालिका, धनकुटा | १ |
| | | | | | | | | | मिक्लाजुङ्ग गाउँपालिका, पाँचथर | १ |
| | | | | | | | | | थुलुङदुधकोशी गाउँपालिका, सोलुखुम्बु | २ |
| | | | | | | | | | कटारी नगरपालिका, उदयपुर | २ |
| | | | | | | | | | साल्पासिलिछो गाउँपालिका, भोजपुर | १ |
| | | | | | | | | | जन्तेढुङ्गा गाउँपालिका, खोटाङ | १ |
| | | | | | | | | | मेन्छयायेम गाउँपालिका, तेह्रथुम | १ |
| ७ | ०७/०७७-७८ | महिला | सब इन्जिनियर (स.इ.) | ५ | इन्जिनियरिङ | सिभिल | | ९ | साकेला गाउँपालिका, खोटाङ्ग | १ |
